साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY मा्टोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ३५ २०८२ चैत १७ गते मंगलबार (March 31, 2026) मूल्य रू. १०/-

## बालेन सरकार : भाजपामा तरङ्ग



संविधान जारीभएपछि भारतले नाकाबन्दी नै लगायो, भारतलाई संविधान चित्त बुझेको थिएन । त्यसपछि बनेका कांग्रेस, एमाले, माओवादीका गठबन्धन सरकारहरू पनि भारतले भनेजस्तो भएन । अझ एमालेका अध्यक्ष केपी ओली त चीनको काखमै लुटुपटु गरेको आरोप लगायो भारतले । तत्कालीन चीनका राजदूत हाउ याँकीसँग तत्कालीन प्रम ओलीको लभ परेको असभ्य टिप्पणीसमेत भारतीय पत्रपत्रिकामा पढ्न पाइएकै हो ।

नेपालमा जेनजी बिद्रोहपछि चुनाव भयो र रास्वपालाई जनताले विश्वास गरे । बालेन साह प्रधानमन्त्री बने । के हुन्, को हुन्, कतातिरका हुन् बालेन ? प्रम मोदीले बधाई त दिए, मिलेर काम गर्ने पनि भनेका छन् तर भाजपाभित्र बालेनलाई लिएर तरङ्ग उत्पन्न भएको छ । भारत, चीन, अमेरिका, दलाई लामालाई समेत बालेनले धन्यवाद दिएका छन् ।

## फाइल खुल्दैछ, भ्रष्टहरू आतंकित




जेनजी बिद्रोहमा ७६ जनाको ज्यान लिएको अभियोगमा शनिवार बिहानै केपी ओली र रमेश लेखक पक्राउ परे, अदाललते ५ र ७ दिन अनुसन्धान गर्न थुनामै राख्ने आदेश पनि दियो ।

पक्राउ परेका ओली र लेखकले कानुनी लडाइ लड्ने बताइरहदा एमालेगणले दशैंभरिका सडकमा टायरबालेर गृहमन्त्री सुधन गुरूङको पुतला जलाए, प्रम बालेनको राजीनामा मागे । सबै जिल्ला कार्यालयहरूमा बिरोधपत्र बुझाए । काठमाडौंका सिडियोले हामी राजनीतिमा सामेल हुँदैनौं भन्दै शान्तिसुरक्षा खलल भएमा सकृय हुन्छौं भन्ने जवाफ दिए ।

गौरीबहादुर कार्कीको जाँचबुझ आयोगको प्रतिवेदन तत्कालै कार्यान्वयन गर्ने बालेन सरकारको निर्णयसँगै सरकार दमनबारे एक्सनमा उत्रिएको हो ।

ओलीकी श्रीमती राधिका शाक्यले दिएको बन्दी प्रत्यक्षीकरणको निवेदनमा सोमबारदेखि बहस हुने सर्वोच्चले जानकारी दिएको छ । राधिका शाक्यले जाँचबुझ आयोगको प्रतिवेदनकै आधारमा पक्राउ गरी थुनामा राख्नु गैरकानुनी भएको दावी गरेकी छिन् । ओली पक्षका कानुनचीहरूले पनि सरकारले हतार गरेको र प्रकृया मिचेको भनेका छन् । तर जेनजीले सरकारको सकृयतामा खुशी प्रकट गरेको छ भने बालेन सरकारलाई जनमतको जनबल प्राप्त भएकाले सरकारको सकृयतालाई रोक्ने आँट कुनै दलमा देखिदैन । एमालेले देशैंभरिका प्रशासनमा बिरोधपत्र दिन जाँदा वा राजधानीको माइतीघरमा बिरोध जुलुस निकाल्दा खासै बिरोधीहरूलाई समेट्न सकेको देखिएन । ओलीको निर्वाचन क्षेत्र झापामा जनताले आआफ्ना घरबाटै बिरोध जनाउनु, सडकमा जनतालाई अवरोध नगर्न आग्रह गरेका थिए ।

बाइडबडी काण्ड, पतञ्जलीको जग्गा प्रकरण, बालुवाटार जग्गामा माफियाकरणबारेका फाइल खुलेका छन् र अनुसन्धान सुरू भइसकेको स्रोतले बताएको छ । लुम्बिनी प्रदेशसभा सदस्य रेखा शर्मा पक्राउ परेकी छिन् । महन्त ठाकुरदेखि उपेन्द्र यादव, माधवकुमार नेपाल पनि प्रहरी निगरानीमा रहेका छन् ।

# सुशासनको घण्टी बज्नुपर्छ

निर्वाचनमा घण्टी बज्यो, परिणाममा घण्टी बज्यो, सत्तामा घण्टी बज्यो, अब परिणाममा घण्टी बज्नुपर्छ । भ्रष्टाचारी, कुशासक, अपराध विरूद्ध घण्टी बज्नुपर्छ, देशको पक्षमा घण्टी बज्नुपर्छ ।

यो जेनजी र जनताको आवाज हो ।

०४६ सालको परिवर्तनमा सुशासनको सपना देखाइयो, कुशासन आयो, कालरात्रि बन्यो । ०६३ को परिवर्तनपछि समानता, विधिको शासन, उज्यालो नेपाल भनियो, बितेको १७ वर्षमा १५ सरकार, कुशासनको योभन्दा ठूलो उदाहरण अरू के हुनसक्ला ?

व्याप्त कुशासनका विरूद्ध भदौ २३ र २४ गते जेनजीले परिवर्तन ल्याए । परिवर्तनलाई जनताले स्वीकार गरे, परिवर्तित युवा नेतृत्वको सरकार बन्यो । नयाँ सरकारले परिवर्तन ल्याउने खाका कोरेर, जनतासँग बाचा र करार गरेर सय सूत्रमा काम पनि थालिसकेको छ ।

युवा नेतृत्वको सरकारले परानो ढर्रा चल्दैन, भ्रष्टाचार सहिदैन, भ्रष्टाचारी बच्दैनन् भन्दै कारवाही थालिसक्यो । जनताले सुशासनको घण्टा बजाउने अवसर नयाँ पुस्तालाई दिएको छ ।

नेपालमा बजेको घण्टीको प्रतिध्वनी विश्वभरि छाएको छ । विश्व नै आश्चर्यचकित दृष्टि लगाइरहेको छ । जनतामा विश्वास झल्किएको छ ।

घण्टी अर्थात देवत्वको जागरण मानिन्छ । देवत्वको जागरण भयो । जनताले घण्टी किन बजाए ? ०४६ पछिका शासकले आत्ममन्थन गरून् । यतिबेला परीक्षा घण्टीवालाहरूको सुरू भएको छ, तिनले




बालेन साह, यही हो उज्यालो बिहानी ।

भदौ २३ र २४ गते ७६ जनाको नरसंहार भयो, हजारौं घाइत भए । संविधान सकियो, सरकार सकियो, केही पनि बाँकी रहेन । खरानीमा संविधान उभ्याउने र सुशासन




*बालेन सरकार सकारात्मक बाटोमा लग्यो । आर्थिक क्षेत्र र रोजगारी सिर्जनामा ठूलो चुनौती छ । सुशासनसँग संविधान संशोधनमा आयोगको बहस सुरू भएको छ । संविधान संशाधनमा कुन कुन बुँदा थपिन्छन्, संशोधन हुन्छन् । चीनको सुरक्षा चासो र भारतको स्वार्थ, सबैभन्दा गाह्रोपक्ष नै यही हो । नेपाल फस्ट नीति हुनैपर्छ । प्रो अमेरिकनको आक्षेप छ, टीओवीमा कारवाही खोई भनिदैछ, भारत पर्ख र हेर को स्थितिमा चिलको आँखा लगाइरहेको छ ।*

सुशासन दिन नसके जनताले पुन: बिद्रोहको शंख फुक्नेछन्, सावधान ।

सय दिन, हनिमून पिरियड । सुशासनको बीज टुसाउँछ कि टुसाउँदैन, सबैले हेर्नैपर्छ । पक्कै पनि कम बोल्ने बालेन र बालेनले जनताको सपना पूरा गर्छ भन्ने घण्टी सभापति रवि लामिछानेको घोषणामा बालेन साह खरो उत्रने विश्वास देशैभरि छ । सत्ता पाएर पनि भ्यागुतोजस्तो उफ्रिएनन् दिने, रोजगारी सिर्जना गर्ने, लथालिङ्ग अर्थतन्त्र सम्हाल्ने जरूरी काममा सरकार लागेको छ । पुराना दल र नेताहरूले बहुदलदेखिको ३७ वर्षको उत्तरदायित्व लिएनन् । सत्तालाई भेट्यो कि मादल बजाउने काम गरे । हिजोसम्म जे जति जात्रा, हाटबजार भयो भयो, अब व्यवस्थित गर्ने दायित्व बालेन सरकारको काँधमा आएको छ । घण्टीले दिने सुशासन कस्तो हो ? भ्रष्टाचारको अन्त्य र सेवाभाव, जवाफदेहीता के हो ? सबैतिर प्रतिक्षाको विषय बनेको छ । काइते कानुन बदल्नुछ, घाइते संविधान संशोधन गर्नुछ, राष्ट्रिय र अन्तर्राष्ट्रिनीति तय गर्नुछ । शासन प्रशासनमा हावी तरमारा बर्ग, दलालीतन्त्रको अन्त्य गर्नुछ । सामान्य नागरिकले बाच्नपाउनु, शिक्षा-स्वास्थ्य र रोजगारीको प्रत्याभूत गराउनुछ । हिजोसम्म समाजले किन केही पाएन, भोलिका दिनमा बालेन सरकारले समाजलाई के दिनेछ ? यही हो परिवर्तनमा सोधिने प्रश्न र खोजिने छ उत्तर ।

जनताले अपनत्व नलिए पनि संविधान, सरकार चलिरह्यो । अब त्यस्तो हुनसक्दैन । विकास के हो ? बालेन सरकारले देखाउनुपर्छ । सजगता के हो, बालेन सरकारले सिकाउनुपर्छ । को मन्त्री भयो, को कुन पदमा गयो भन्ने बेकारको जिज्ञासा हो, बालेन सरकारले र रास्वपाले गर्न खोजेको के हो, परिणाम के आयो ? मूल प्रश्न यही हो र यसैमा बालेन देखिनेछन् । ०४६ सालपछिको ३७ वर्षमा नेतातन्त्रको नाङ्गो स्वरूप जनताले देखिसकेका छन् । किसानदेखि मजदूरको आँखाका आँसु पुछ्नैपर्छ । सिङ्गो मुलुकको, सबै तह र तप्काका जनताको अथाह विश्वास पाएको घण्टी सरकारले सुशासनको घण्टी बजाउनैपर्छ । जेनजीको सपना साकार पार्नैपर्नेछ ।



## बालेन्द्र सरकारलाई बधाई

*चैत १३ गते, प्रधानमन्त्री पदको शपथ लिनासाथ अमेरिका, भारत, चीन, पाकिस्तानले बालेन्द्र सरकारलाई बधाई दिएका छन् । साथै मिलेर काम गर्न उत्सुक रहेको जनाएका छन् । १५ सदस्यीय जेनजी पुस्ताको सरकारले आन्तरिक र बाह्यनीतिमा परिपक्वता देखाउने विश्वास गरिएको छ । यो अग्निपरीक्षा सुरू भइसकेको छ, बालेन्द्र सरकार सफल हुने जनविश्वास रहेको छ ।*

***U.S. Embassy, Nepal***

*Congratulations to Prime Minister of Nepal Balendra Shah and the new government. The United States looks forward to working with Nepal to advance mutual prosperity and regional stability.*

*नेपालका प्रधानमन्त्री बालेन्द्र शाह र नयाँ सरकारलाई हार्दिक बधाई । अमेरिका आपसी समृद्धि तथा क्षेत्रीय स्थिरतालाई अघि बढाउन नेपालसँग सहकार्य गर्न उत्सुक रहेको छ ।*

***China Embassy (Ambassador Zhang Maoming)***

*ली छ्याङद्वारा नेपालका नयाँ प्रधानमन्त्रीलाई बधाइ सन्देश*

*मार्च २७ तारिख चीनका प्रधानमन्त्री ली छ्याङले नव नियुक्त प्रधानमन्त्री बालन्द्र शाहलाई बधाइ सन्देश पठाउनुभएको छ ।*

*ली छ्याङले चीन र नेपाल पहाड र जलबाट जोडिएको परम्परागत छिमेकी मुलुक हो भन्दै दौत्य सम्बन्ध स्थापना भएको ७१ वर्षयता दुई देशले शान्ति सहअस्तित्वका पाँच सिद्धान्तको आधारमा द्वीपक्षीय सम्बन्धको विकास गरिरहेको व्यक्त गर्नुभयो। नेपाल सरकारको शासन संचालनमा चीन सरकारले समर्थन रहेको भन्दै उहाँले स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अविच्छिन्नताको संरक्षण गर्न नेपाललाई निरन्तर रूपमा समर्थन गर्ने उल्लेख गर्नुभयो । आफूले प्रधानमन्त्री बालेन्द्र शाहसँग मिलेर चीन(नेपाल उच्चस्तरीय रूपमा बेल्ट एन्ड रोडको संयुक्त निर्माण गर्न र अरू विभिन्न क्षेत्रका सहयोगलाई गहिरो पारी चीन(नेपाल विकास तथा समृद्धि उन्मुख युगौंयुग मैत्रीपूर्ण रणनीतिक सहयोग साझेदारी सम्बन्धलाई अघि सार्ने इच्छा लिएको पनि प्रधानमन्त्री ली छ्याङले बताउनुभयो ।*

***Pakistan @CMShehbaz***

*I congratulate H.E @ShahBalen on assuming office as the Prime Minister of Nepal after a landslide victory of Rashtriya Swantatra Party.*

*Pakistan deeply values its longstanding and friendly relations with Nepal and looks forward to working closely with Your Excellency to further strengthen bilateral cooperation and advance our shared goals of regional peace, stability, and prosperity.*

***India- @narendramodi***

*नेपाल के प्रधानमंत्री पद की शपथ लेने पर बालेंद्र शाह जी को हार्दिक बधाई ।*

*आपका कार्यभार संभालना नेपाल की जनता द्वारा आपके नेतृत्व में भरोसे को जताता है । मुझे विश्वास है कि हम मिलकर भारत-नेपाल की मित्रता और सहयोग को एक नई ऊंचाई पर ले जाएंगे, जो दोनों देशों के लोगों के पारस्परिक हित में है ।*

## *प्रम बालेनलाई दलाई लामाका प्रतिनिधि पेम्पा छिरिङको बधाई !!*



**बालेन साहलाई बदनाम गर्न भारतद्वारा दलाई लामाको प्रयोग**



*प्रधानमन्त्री बालेन साहलाई १९५९ देखि भारतमा निर्वासित दलाई लामाले प्रतिनिधि सिक्योङ पेम्पा छेरिङमार्फत बधाई दिएका छन् । लाजिम्पाटको तिब्बती खाङ्सार बन्द भएको लामो समय भए पनि नेपालमा फ्रि तिब्बतको सकृयता रोकिएको छैन । जेनजी आन्दोलनका बेलामा पनि टीओवी टिसर्ट लगाएकाहरू सडकमा देखिएका थिए । दलाई लामाको बधाई सन्देशमा लेखिएको छ- नेपालका जनताको, विशेषगरी युवापुस्ताको आकांक्षाको शक्तिशाली प्रतीकका रूपमा उभिएको छ । नेपाल र तिब्बतबीच पुस्तौंदेखि कायम रहेका गहिरा ऐतिहासिक र आध्यात्मिक सम्बन्ध छन् । तिब्बती समुदायले नेपालको सामाजिक तथा आर्थिक संरचनामा लामो समयदेखि योगदान पुर्‍याउँदै आएका छन्, जसले यी सम्बन्धहरूलाई अझ मजबुत बनाएको छ । के हो यो रहस्य ?*

## सम्पत्ति शुद्धीकरण सुरू

पूर्व ३ प्रधानमन्त्री शेरबहादुर देउवा, केपी ओली, पुष्पकमल दाहाल प्रचण्डको सम्पत्ति शुद्धीकरण अनुसन्धान सुरूभएको छ । पूर्व कांग्रेसी मन्त्री दीपक खड्का पक्राउ परिसकेका छन् । दर्जनौं असामान्य जीवन बिताइरहेका पूर्व प्रशासक, मन्त्रीहरू निगरानीमा रहेका छन् । यसैवीच महालेखा परीक्षकले समेत वाइडबडी खरिद गर्दा ४ अर्ब ३५ करोड भ्रष्टाचार भएको भनेर किटान गरेको फाइल खुलेको छ । बालेन सरकार नबोली नबोली भ्रष्टाचारविरूद्ध र सुशासनका लागि जतिसुकै तीतो होस्, निर्णय गरेर अघि बढ्न तैयार रहेको सूचित गरेको छ ।

सीआइवीले जेनजी आन्दोलनका बेलामा ठूलो धनराशी आगलागीमा परेको घटनाका सम्बन्धमा भत्काउन थालिएको देउवाको घर रोक्का राखी अनुसन्धान थालेको छ भने गंगा दाहाल र अन्य नेताहरूको घरमा देखिएका भेटिएका नगद सम्पत्तिका सम्बन्धमा पनि एआई कि यथार्थ ? यसबारेमा अब स्पष्ट जानकारी जनताले पाउने भएका छन् । यसअघि सम्पत्ति शुद्धीकरण भएका अनुन्धानका साथै सीआइवीले थप अनुसन्धान गर्न सुरू गरेको छ । बालेन सरकारको दृढनिश्चयी निर्णयपछि राजनीतिक र प्रशासकहरूको बृत्तमा सनसनी नै फैलिएको देखिन्छ ।

प्रहरी स्रोतका अनुसार पूर्व प्रधानमन्त्रीहरूका परिवारजन, सहयोगीका आश्चर्यजनक लेनदेनका विषयमा पनि प्रमाणहरू संकलन हुन सुरू भएका छन् । आमनागरिक र जेनजी समूहले बालेन सरकारका निर्णयलाई सघाएका छन् भने स्वयम् प्रचण्डले मैले पहिले नै संसदबाट उठाएको आवाजअनुसार सरकारले सम्पत्ति छानबिन गर्न थालेको भनेका छन् । यद्यपि बालेन सरकारले ल्याएको शासकीय सुधारका सय कार्यसूचीबाट तलमाथि नहुने देखिन्छ ।

## कानुन, अर्थ, राजस्व र अनुसन्धान क्षेत्रका विज्ञहरूले सम्पत्ति छानबिन गर्ने

'शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची' अनुसार सरकारले सम्पत्ति छानबिन गर्ने भएको हो । कानुन, अर्थ, राजस्व क्षेत्रका विज्ञहरूको समितिले सम्पत्ति जाँचबुझ गर्नेछन् । भन्नलाई समिति बनाउन सजिलो, काम गर्न साह्रै चुनौतीपूर्ण छ भन्ने टिकाटिप्पणी हुनथाले पनि बालेन सरकारले कम्मर कसेको छ ।

बालेन सरकारले २०४८ सालदेखि सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति जाँचबुझ गर्ने निर्णय गरेको छ । यो समितिले पहिलो चरणमा २०६३ देखि २०८२ सम्मका र दोस्रो चरणमा २०४८ देखि २०६३ सालसम्मका सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति जाँच्नेछ । रिपोर्ट प्राप्त भएपछि सरकारले अख्तियारमार्फत थप प्रमाण बुझेर कारवाही थाल्ने प्रकृया हुनेछ भनिएको छ ।

तत्कालीन स्थितिमा लाभको पद, उच्च पदस्थहरू जो संसारबाटै बिदा भए उनीहरूको विषय नउठ्ला, जो जिउँदै छन्, तिनीहरूको हकमा तिनका परिवारजनसमेत यो छानबिनको दायरामा आउनसक्छन् ।

पहिले पहिले न्यायिक आयोग बन्थ्यो, झारा टारेर सकिन्थ्यो । यसपल्ट सरकारले अधिकार सम्पन्न समिति गठन गरेर काम अघि बढाएकाले कार्यान्वयन हुनेछ । यो समितिको पहुँच सार्वजनिक पदमा रहेकाको सम्पत्तिमा हुनेछ । भनिन्छ, न्यायक्षेत्रमा समेत पहुँच हुनेछ । बालेन सरकारले सम्पत्ति जाँचबुझ सम्बन्धी कानुनी रिक्तता वा अन्योल हटाउन **'आवश्यक कानुनी तथा प्राविधिक संयन्त्र विकास गरी सम्पूर्ण प्रक्रिया पारदर्शी र नतिजामुखी हुने सुनिश्चित गर्ने'** निर्णय गरिसकेको देखिन्छ ।

पहिले सानालाई ऐन, ठूलालाई चैन हुन्थ्यो, ठूला 'भ्रष्टाचारी' डराउँदैनथे । साना फसाइन्थे । सरकारले गठन गर्ने समितिको सीमा र मापदण्ड सार्वजनिक गरेपछि भ्रष्टाचारीको पसिना छुट्नथाल्नेछ ।

बालेन सरकारले अहिले नै 'छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेश गरेको प्रतिवेदन तथा सिफारिसहरू सम्बन्धित निकाय मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने' निर्णय गरेकाले बन्ने समिति भ्रष्टाचारीमाथि हम्मर नै हुने लख काटिएको छ । २०५८ र त्यसपछि पनि पटक पटक सम्पत्ति छानबिन समिति बनेका थिए, तर तिनीहरू कर्मकाण्डी भएर सकिएको थियो । 'सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कार्वाही गरी दण्डित गर्ने नीति लिने' घोषणा भए, भाषणमा सकिएका थिए । रास्वपा गठन भएपछि बारम्बार सम्पत्ति छानबिन गर्ने घोषणा भएकै हो । अब रास्वपाकै सर्वशक्तिमान सरकार गठन भएको छ । रास्वपा सरकारले संवैधानिक र अन्य पदहरूमा इमानदारहरूलाई नियुक्त गरेपछि तिनले देश र जनताको भलो चिताउने र सरकारको भ्रष्टाचारविरोधी र सुशासनको पक्षमा बल पुर्‍याउने गरी कानुन विपरीत जोडेका सम्पत्ति र अस्वभाविक जीवनयापनलाई समेत खरी घसेर गर्ने कार्यले देशमा साँच्चै परिवर्तन ल्याउने विश्वास धेरैमा देखिन्छ ।

# छिमेकीवीचको सन्तुलनमा चुनौती




नेपालको राजनीतिक परिदृश्यमा नयाँ सम्भावना तीव्र गतिमा अगाडि बढिरहेको छ। राष्ट्रिय स्वतन्त्र पाटीका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा नयाँ सरकार बनेको छ। यो सरकारका लागि एउटा भू-राजनीतिक मोड हो जसले नेपालको अन्तर्राष्ट्रिय स्थान, दुई ठूला छिमेकीहरूसँगको सम्बन्ध, र विश्व शक्तिहरूसँगको सम्बन्धलाई नयाँ दिशा दिन सक्छ। प्रश्न उठ्छ : के नेपालको परराष्ट्र नीति आजको जटिल विश्व परिस्थितिमा 'सन्तुलन'को बाटोमा हिँड्न तयार छ ?

प्रतिनिधि सभाको वर्तमान संरचनाको परीक्षण गर्दा स्पष्ट भू-राजनीतिक चित्र देखिन्छ। कोही अमेरिकी तथा युरोपेली झुकावमा देखिन्छन्। भारत-समर्थक समूह पनि त्यही भित्र छ, तर चीनको पक्षमा स्पष्ट रूपमा उभिने प्रतिनिधित्व न्यून छ। यो यथार्थलाई बालेन सरकारले बेवास्ता गर्न सक्दैन।

अन्तर्राष्ट्रिय वातावरण अहिले चरम ध्रुवीकरणको चरणमा छ। अमेरिकाले इरानमाथि गरेको आक्रमणपछि मध्यपूर्वमा फैलिएको द्वन्द्वले अमेरिकी प्रभावको सीमा र अन्तर्राष्ट्रिय समुदायमा यसको विश्वसनीयताको सङ्कटलाई उजागर गरेको छ। यस बदलिँदो विश्व व्यवस्थामा बालेन सरकारले यो यथार्थसँग जुध्नैपर्छ कि नेपाली सेना, प्रहरी, प्रशासन, गुप्तचर संयन्त्र, र राजनीतिक दलहरूको ठूलो हिस्सा अझै पनि अमेरिकी प्रभावमा छ। तर यहाँ गम्भीर प्रश्न उठ्छ : के नेपालको नेतृत्वले यस 'प्रभाव'लाई 'स्वायत्तता'मा रूपान्तरण गर्ने क्षमता देखाउनेछ ?

नेपालको सन्दर्भमा 'सन्तुलन' शब्दको व्यावहारिक अर्थबारेको बहस पनि उत्तिकै महत्त्वपूर्ण छ। ऐतिहासिक रूपमा नेपालले दुई ठूला छिमेकीबीच 'समान दूरी'को नीति अपनाएको थियो। तर वर्तमान विश्व सन्दर्भमा 'समान दूरी'को अवधारणा नै चुनौतीमा परेको छ। अमेरिकी रणनीतिक हित, भारतको क्षेत्रीय महत्वाकांक्षा, र चीनको आर्थिक-रणनीतिक उपस्थिति मिलेर नेपाललाई यस्तो संगम बनाएको छ जहाँ कुनै पनि कदमले अप्रत्याशित प्रतिक्रिया जन्माउन सक्छ।

यस सन्दर्भमा, भारतले चीनसँग व्यापार गर्न लिपुलेक मार्ग प्रयोग गर्न थालेको समाचार, नयाँ सरकार गठन हुनु अघि नै, धेरै कुरा बोल्छ। यद्यपि नेपालको संविधान र ऐतिहासिक सन्धिहरूले लिपुलेकलाई नेपालको अभिन्न हिस्सा मानेका छन्, तर नेपालसँग यो व्यवहारमा कार्यान्वयन गर्ने कति कूटनीतिक, कानुनी, र भौगोलिक क्षमता छ भन्ने प्रश्न बालेन सरकारको लागि गम्भीर परीक्षा हुनेछ। यो केवल सीमाविवाद मात्र होइन, यो नेपालको सार्वभौमिकता, कूटनीतिक सक्रियता, र छिमेकीहरूसँगको सम्बन्ध व्यवस्थापन क्षमताको परीक्षा हो।

त्यस्तै, नेपालमा सञ्चालन भइरहेका चिनियाँ परियोजनाहरूको स्थिति पनि उत्तिकै संवेदनशील विषय हो। अमेरिकन नीति र भारतीय नीतिले नेपालतर्फ देखाएका प्रवृत्तिहरूको विश्लेषण गर्दा स्पष्ट सम्भावना देखिन्छ। यदि नयाँ सरकारले अमेरिकी तथा भारत-समर्थक झुकावसहित अगाडि बढ्यो भने, नेपालमा चिनियाँ परियोजनाहरूमा अवरोध सिर्जना गर्ने, विभिन्न बहानामा जनतामाझ बदनाम गर्ने, र ऋणभार, पारदर्शिताको अभाव, वातावरणीय प्रभाव जस्ता मुद्दाहरूलाई हतियार बनाएर चीनसँगको सहकार्य कमजोर पार्ने प्रयास हुनसक्छ।

अमेरिका-इजरायल-इरान द्वन्द्वले देखाएको एउटा महत्त्वपूर्ण पक्ष भनेको विश्वमा अमेरिकी वर्चस्वको युग समाप्त भएको छ र विश्व बहुध्रुवीय व्यवस्थातर्फ अघि बढिरहेको छ। यस्तो अवस्थामा कुनै पनि देशले एकल शक्तिसँग अत्यधिक निकटता राखेर आफ्नो राष्ट्रिय हित सुरक्षित गर्न सक्दैन। यही सिद्धान्त नेपालमा पनि लागू हुन्छ। यदि नयाँ सरकारले केवल अमेरिकी तथा भारत-समर्थक अभिमुखतामा ध्यान केन्द्रित गयो भने दुई जोखिम उत्पन्न हुन सक्छन्। पहिलो, चीनसँगको सम्बन्धमा दूरी बढ्दा आर्थिक सहकार्य, पूर्वाधार विकास, र उत्तरी सीमाको स्थिरतामा असर पर्न सक्छ। दोस्रो, अन्तर्राष्ट्रिय स्तरमा नेपालको 'स्वतन्त्र परराष्ट्र नीति'को विश्वसनीयता प्रश्नमा पर्न सक्छ। तर यसको अर्थ चीनसँगको सम्बन्धलाई अमेरिका र भारतको विपक्षमा राख्नैपर्छ भन्ने होइन। सन्तुलनको नीति केवल 'समान दूरी' मात्र होइन: यसले 'हितको अधिकतम उपयोग' र 'प्रभावको न्यूनतम स्वीकार्यता' पनि जनाउँछ। नयाँ सरकारले परराष्ट्र नीतिलाई केवल राजनीतिक दलहरूको वैचारिक झुकावको विषय नबनाई राष्ट्रिय सुरक्षा परिषद्, संसदीय समितिहरू, र कूटनीतिक विज्ञहरूलाई समेटेर व्यापक छलफलको विषय बनायो भने मात्र 'सन्तुलन' वास्तवमै अर्थपूर्ण बन्न सक्छ।

सरकार गठन हुनु अघि यस्तो विश्लेषणात्मक लेख प्रकाशित गर्नुको महत्त्व यहीँ छ। यसले नीति-निर्माताहरूलाई सचेत गराउँछ, अन्तर्राष्ट्रिय समुदायलाई नेपालको भू-राजनीतिक बहसबारे दिशा दिन्छ, र आन्तरिक राजनीतिक दलहरूलाई राष्ट्रिय हितमा साझा धारणा बनाउन दबाब सिर्जना गर्छ। नेपालको भू-राजनीतिक यथार्थलाई नकार्न सकिँदैन, तर यसलाई व्यवस्थापन गर्ने क्षमता पनि नेपालमै छ। यसको लागि चाहिएको कुरा होस् नीतिगत स्थिरता, संस्थागत स्वायत्तता, र सबैभन्दा महत्त्वपूर्ण, राष्ट्रिय हितमा एकता कायम गर्ने राजनीतिक इच्छाशक्ति।

बालेन्द्र शाहको नेतृत्वको सरकारको सफलता वा असफलता मुख्यत: यी तीन आयामलाई कसरी आत्मसात् गर्छ भन्ने कुरामा निर्भर रहनेछ। यदि सरकारले 'सन्तुलन' भन्ने शब्दलाई केवल राजनीतिक भाषणको रूपमा प्रयोग गयो र व्यवहारमा एकपक्षीय झुकाव अपनायो भने, नेपाल दुई ठूला शक्तिहरूबीचको 'बफर जोन'बाट 'प्रतिस्पर्धाको युद्धभूमि'मा रूपान्तरण हुनसक्छ। तर यदि सरकारले राष्ट्रिय हितलाई केन्द्रमा राख्यो र सबै छिमेकी तथा शक्तिहरूसँग समानान्तर सम्बन्ध विकास गर्ने स्पष्ट रणनीति अघि बढायो भने, नेपाल आफ्नो भौगोलिक अवस्थालाई अवसरमा रूपान्तरण गर्न सक्छ। यही वर्तमान विश्व परिस्थितिमा नेपालको सबैभन्दा ठूलो चुनौती र सबैभन्दा ठूलो अवसर हो।

***लेखक प्रेम सागर पौडेल नेपालका वरिष्ठ पत्रकार तथा अन्तर्राष्ट्रिय सम्बन्ध विश्लेषक हुन्। उनले नेपाल-चीन सम्बन्ध, हिमालय क्षेत्रको भू-राजनीति, र सुरक्षा मुद्दाहरूमा गहन अध्ययन गरेका छन्। नेपाल चीन पारस्परिक सहयोग समाजका अध्यक्ष हुन्।***

# बढ्दो अन्तरकलह र सहमतीय राजनीतिको आवश्यकता



**डा. केशव देवकोटा**

नेपालको हालको खास आवश्यकता भनेकै राष्ट्रिय एकता र सहमतीय राजनीति हो। तर हरेक पटक आउने सरकारले राष्ट्रिय एकता हुननदिने र सहमतीय राजनीतिलाई बिथोल्ने खालका गतिबिधि गर्ने गरेकाले देश हालको अवस्थामा पुगेको हो। गत फागुन २१ को निर्वाचनबाट बहुमत संख्या हाँशिल गरेर गत शुक्रबारमात्र गठन भएको रास्वपाको सरकारले पहिलो कामनै राष्ट्रिय एकता र सहमतीय राजनीतिमाथि प्रहारगर्ने काम गऱ्यो। जसलेगर्दा सरकार गठन भएको भोली पल्टै अर्थात गत शनिबारबाटै सरकारको दिनगन्तीगर्न लागिएको छभने फेरी अर्को मध्यावधी निर्वाचनको चर्चा शुरूभएको छ। खासगरी बर्तमान सरकारले छानविन आयोगको प्रतिवेदन कार्यान्वयनको हवाला दिएर एमालेका अध्यक्ष तथा पूर्ब प्रधानमन्त्रि केपी ओली र नेपाली कांग्रेसका नेता तथा पूर्ब गृहमन्त्रि रमेश लेखकलाई जसरी पक्राउ गऱ्यो, त्यसले राष्ट्रिय एकता र सहमतीय राजनीतिमाथि गंभिर ढंगले प्रहार हुन पुगेको छ। किनकी पहिलो कुरा त छानविन आयोगको प्रतिवेदन अदालतमा पेश गरेर ओली र लेखकमाथि कारवाहीको थालनी गरिएको हुनुपर्दथ्यो। नयाँ गृहमन्त्रिबाट अदालतको काम पनि आफैगर्ने प्रयास भएकाले बर्तमान सरकारमा कच्चा राजनीतिक नेताहरू रहेको स्पष्ट भएको छ। दोश्रो कुरा ओली र लेखकमाथि जुन आरोप लगाएर पक्राउ पूर्जी दिइएको थियो, त्यो आरोप प्रमाणित हुने कुनै पनि आधारहरू देखिएका छैनन्। त्यसैले बर्तमान सरकार सबैलाई तर्साएर देशमा शासन सत्ता सञ्चालनगर्ने शोचमा रहेको स्पष्ट भएको छ। नयाँ सरकारका शुरूवातका गतिबिधिले नेपालमा लागूगराइएको बहुदलीय संसदीय ब्यवस्था र लोकतन्त्र शब्दकोसमेत खिल्ली उडेको छ। नेपालजस्तो विविधता भएको देशमा सहमतीय राजनीति अत्यन्त आवश्यक छ। सरकार र कम्तिमा हाल संसदमा रहेका नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीलगायतका दलहरूका बीचमा पहिलो सर्बदलीय बैठक गरेर सामान्य सहमति भएपनि कायम गरिएको हुनुपर्ने थियो। दोश्रो संसदमा रहेका र नरहेका क्रियाशील राजनीतिक पार्टी र शक्तिहरूको सर्बदलीय/सर्बपक्षीय भेला गरेर सबैका सुझाव लिइएको भएपनि फरकपर्ने कुरा केही पनि थिएन। हालको अवस्थामा नेपाली कांग्रेस संसदमा प्रमुख प्रतिपक्षी दल हुने स्पष्ट छ।

नयाँ सरकार शुरूमै प्रमुख प्रतिपक्षी पार्टी नेपाली कांग्रेस र दोश्रो प्रतिपक्षी पार्टी एमालेसँग मुठभेडमा गएपछि अब संसदको बैठक सुचारू गर्न/गराउन समेत कठीनपर्ने अवस्था सिर्जना भएको छ। रास्वपा र सो पार्टीको सरकारमा रहेकाहरूले नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीलगायतसँग सहमति कायम नगरी अगाडि बढ्न सकिँदैनभन्ने पनि राम्ररी चिन्तन मनन् गर्नुआवश्यक छ। हालको अवस्थामा दलहरूबीचको सहकार्य बिना स्थिरता सम्भव हुँदैन। संविधानको कार्यान्वयन, आर्थिक विकास, र सामाजिक सद्भावका लागि पनि सम्वाद र सहमति अपरिहार्य हुन्छ। जब नेपाली नागरिकले राज्यका निकायहरू जस्तै प्रहरी प्रशासन वा सुरक्षा संयन्त्रबाट अत्यधिक बल प्रयोग, दमन, वा मानव अधिकार उल्लंघन भएको अनुभव गर्छन्। यदि शान्तिपूर्ण प्रदर्शनमाथि अनावश्यक बल प्रयोग हुन्छ, अभिव्यक्ति स्वतन्त्रतामा दबाब पर्छ, वा असहमति राख्नेहरूलाई लक्षित गरिन्छभने त्यसले राम्रो परिणति दिँदैन। यस्ता गतिबिधिले राज्य र नागरिकबीचको विश्वास कमजोर बनाउँछ। हालको अवस्थामा नेपालका सबै राजनीतिक दलहरूले सम्वाद र सहमतिलाई प्राथमिकता दिनुपर्छ। सुरक्षा निकायहरूले पनि कानूनी दायराभित्र, पारदर्शी र जवाफदेही ढंगले काम गर्नँपर्छ। मानव अधिकारको संरक्षणलाई पहिलो प्राथमिकता दिनुपर्छ। नागरिक समाज र सञ्चार माध्यमले तथ्यमा आधारित निगरानी गर्नँपर्छ। सहमतीय राजनीति र मानव अधिकारको सम्मान सँगसँगै अघि बढेमात्र नेपालजस्तो मुलुकमा स्थायी शान्ति र लोकतन्त्र बलियो हुन्छ। यदि यीमध्ये कुनै पनि पक्ष कमजोर भयोभने देशमा असन्तोष र अविश्वास बढ्ने सम्भावना रहन्छ। बर्तमान सरकारले गठन भएको भोलीपल्टै जुन हर्कत प्रदर्शन गऱ्यो, त्यसले बालेन साह नेतृत्वको सरकार सफल हुन्छकि हुँदैनभन्ने बहसको थालनी गराएको छ। रास्वपाले गत फागुन २१ को निर्वाचनमा धेरै संख्यामा बिजय हासिल गरेकाले बर्तमान सरकारप्रति ठूलो जनअपेक्षा रहेको छ। यस्तो समर्थनले नीतिगत सुधार गर्न र राजनीतिक दबाब कमगर्न सक्छ। सुशासन कायम गराउन पनि बलपुग्छ।

प्रशासनमा नयाँ अभ्यास थालनी हुने सम्भावना पनि रहन्छ। त्यसैगरी रास्वपाको बर्तमान सरकारप्रति गंभिर चुनौतीहरू पनि सिर्जना भएका छन्। राजनीतिक अवरोध सिर्जना भैसकेको छ। अब प्रशासनिक अवरोध पनि सिर्जना हुनसक्छ। पुरानो ब्यूरोक्रेसीमा परिवर्तन गर्न/गराउन कठीन हुन्छ। कर्मचारीतन्त्रले पर्याप्त सहयोग नगरे काम ढिलो हुन सक्छ। प्रधानमन्त्रिका अधिकार पनि सीमित हुन्छन्। त्यसैले धेरै ठूला निर्णय गर्न/गराउन एकातिर संसदमा रहेका दलहरूका बीचको सहमतिको आवश्यकता हुन्छभने अर्कातिर तीन तहका सरकारका बीचमा पनि सहमति कायम गराउन सक्ने हुनुपर्दछ। ठूला दलहरूका बीचमा टकरावहुँदा हरेक काममा अवरोध आउँछ। जस्तो बर्तमान सरकारमा आएकाहरूले हाल त्यही अवस्थाको सिर्जना गराएका छन्। जनताका अपेक्षा धेरै छन् र उनीहरूले परिणाम पनि छिटो चाहेका छन्। तर हालकोजस्तो राजनीतिक र प्रशासनिक अवरोध कायमै रहेको खण्डमा जतिसुकै संख्या हाँशिल गरेको पार्टी भएपनि बिभिन्न घटनाक्रमले बर्तमान सरकार कुनैपनि बेला ढल्नसक्छ। नेपालको हालको मुख्य समस्याको जड भनेकै ०७२ को संविधान हो। पहिलो सो संविधान बनाउँदा संविधानसभालाई बिभिन्न पूर्ब शर्तको भारी बोकाएर स्वतन्त्र र निष्पक्षरूपमा बिधि र प्रक्रियाअनुसार कामगर्न दिइएन। दोश्रो सो संविधान घोषणा भएको १० बर्ष ब्यतितहुँदा पनि पूर्णत कार्यान्वयन हुन सकिरहेको छैन। तेश्रो ०७२ को संविधानमा उल्लेख भएका संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता र समानुपातिक निर्वाचन पद्धति नेपाली जनताका लागि मुख्य समस्या भएका छन्भने कतिपय पार्टीका लागि मुख्य उपलब्धी भएका छन्।

त्यसको समाधानका लागि फेरी तेश्रो संविधानसभाको निर्वाचनको आवश्यकता देखिएको छ। जसले फेरी पनि राजतन्त्रकि गणतन्त्र, संघीयतामा जानेकि नजाने र धर्म निरपेक्षकि हिन्दू सापेक्ष राज्य बनाउनेभन्ने बिषयमा जनमत संग्रह गरेर टुंग्याउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ। कतिपयले त ०७२ को संविधानलाई देशमा बिद्यमान सबै समस्याको जडकारूपमा ब्याख्या र बिश्लेषण पनि गरेका छन्। देशले संघीय संरचना अपनाए पनि सरकारहरू बारम्बार परिवर्तन हुनेक्रम जारी छ। हुँदाहुँदा केवल सरकार परिवर्तन गराउनका लागि देशको सारा सम्पति ध्वस्त पारिएको छ। अब पनि गत भदौ २४ कोजस्तो घटना नहोला भन्न सकिने अवस्था छैन। जसले विकास, नीति कार्यान्वयन र जनविश्वासमा समेत असर पारिरहेको छ। राजनीतिक प्रतिश्पर्धा र बिवाद लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। तर त्यसको सही र बिधिसम्मत ढंगले प्रयोग गरिएको हुनुपर्दछ। नेपालजस्तो मुलुकमा उत्तरदायी र पारदर्शी शासन बढी महत्वपूर्ण हुन्छ। यदि देशमा देखिएका हरेक विवादहरू संवैधानिक र लोकतान्त्रिक प्रक्रियाभित्र समाधान गरिन्छन्भने मात्र राजनीतिक स्थिरताको सिर्जना हुन्छ। समग्रमा भन्नुपर्दा नेपालको अहिलेको मुख्य चुनौती भनेको राजनीतिक स्थिरता र लोकतान्त्रिक गतिशीलताबीच सन्तुलन कायमगर्न सक्नु हो। दीर्घकालीन नीतिको निरन्तरताको सुनिश्चितगर्नँ र जनताको विश्वास पुन:स्थापितगर्नँ नयाँ सरकारका लागि जरूरी बिषयहरू हुन्। नेपाल यतिबेला एकदमै निर्णायक संक्रमणकालबाट गुज्रिरहेको छ। नयाँ सरकारको शुरूवातमै कठोर कदम चाल्ने र त्यस्ता कदम पनि संसदमा रहेका प्रमुख बिपक्षी दलहरूमै केन्द्रित गराउने जुन काम भएका छन्, त्यसले बर्तमान सरकारलाई सहजै अगाडि बढ्न दिने देखिएको छैन।

कुनैपनि काममा बल प्रयोगका लागि युवाहरूको दरकार पर्ला तर देशको नीति निर्माण र योजना बनाउने काममा योग्यता, क्षमता र अनुभव भएका पाका मानिसको आवश्यकतापर्ने कुरा गत भदौ २३ र २४ को बिध्वंश र त्यसयताका घटनाक्रमहरूले स्पष्ट गरिकेका छन्। देशमा आर्थिक संकट र उच्च बेरोजगारी रहेको छ। उत्पादन कमजोर बन्दै गएको छ। यदि देशका समस्यामा सुधार भएनभने बर्तमान सरकारले प्राप्तगरेको राजनीतिक समर्थन छिट्टै घट्न सक्छ। त्यसैगरी नेपालको भूराजनीतिक अवस्थालेगर्दा विदेश नीतिलाई पनि महत्वपूर्णरूपमा लिनुपर्ने हुन्छ। ०६३ पछि आएका सरकारहरूले मुखले भन्दा असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिभन्ने गरेपनि ब्यवहारिकरूपमा इन्डो पश्चिमा शक्तिको नेपाल नीति अनुसारको परराष्ट्र नीति अवलम्बन गरेको देखिएको थियो। बर्तमान सरकारको नीति पनि पश्चिमा राष्ट्र प्रभावित हुने संकेतहरू देखिएका छन्। त्यसैंले उत्तरसँग राम्रो सम्बन्ध हुने देखिएको छैन। जबसम्म शासन सत्तामा रहेकाहरूले राष्ट्रिय एकता र सहमतीय राजनीतिलाई प्रमुखता दिएर काम गर्दैनन्, तवसम्म नेपालमा कुनै सरकारको पनि स्थायित्व हुँदैन भने नेपाल र नेपालीको भलो पनि हुँदैन। यो आजको अवस्थामा सबैले बुझ्नुपर्ने कुरा हो। चिन्तन मनन गर्नुपर्ने कुरा हो।






## रगत, आगो र संवेदना - राजेन्द्र शलभ



अखबारका पानाहरूबाट
उछिट्टिएर रगत मनभित्र जमेछ
रगत पखाल्नलाई पानी
मनसम्म पुग्दैन
र आँसुले रगत पखालिँदैन ।

हजुरआमाले
भात पकाउँदै गरेको आगो
कसरी हो उछिट्टिएर
देशभरि सल्किएछ
एक गाग्री पानीले पनि
यो आगो निभ्दैन ।

मनको ज्वालामुखी हो यो
छिटो शान्त पनि हुँदैन
डर छ कतै
मनको ज्वालामुखी पड्कियो भने

र सँगै मन पनि डढ्यो भने
संवेदना मर्नेछ
हाँसो पनि मर्नेछ ।

र भोलिको अखबारमा
मुर्दाको देशमा
रगत हुनेछैन
आगो र आँसु पनि हुनेछैन ।

## पानीको अर्थ *लघुकथाकृति*



चैत ११, । वरिष्ठ कथाकार भागीरथी श्रेष्ठको दोस्रो लघुकथाकृति **पानीको अर्थ** लोकार्पित भएको छ । लघुकथा समाज नेपालले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि प्रा।डा। दयाराम श्रेष्ठलगायतले कृति लोकार्पण गर्नु भयो ।

सो अवसरमा प्रमुख अतिथि श्रेष्ठले लघुकथा लेखनमा संरचनागत शुद्धता हुनुपर्नेमा जोड दिँदै कृतिभित्रका लघुकथाहरूबारे आफ्नो धारणा राख्नु भयो ।

कार्यक्रममा समीक्षक डा. दीनबन्धु शर्माले श्रेष्ठका लघुकथाहरूमा सांकेतिक प्रभाव र दार्शनिक दृष्टिकोण रहेको उल्लेख गर्दै श्रेष्ठका लघुकथाहरू हल्ला नगर्ने खालको भएको चर्चा गर्नु भयो । अर्का समीक्षक डा. हरिप्रसाद भण्डारीले श्रेष्ठका लघुकथाहरूको प्रवृत्तिगत चर्चा गर्दै पुस्तकमा समेटिएको ५४ लघुकथाहरूले समाजका विकृति विसंगति उधिनेको बताउनुभयो ।

समाजका संस्थापक अध्यक्ष साहित्यकार श्रीओम श्रेष्ठ रोदनले भागीरथी श्रेष्ठको उचाइ यस लघुकथाकृतिले अझ उठाएको बताउनु भयो । कृतिकार श्रेष्ठले आफ्नो लघुकथा पाठकको मायाले प्रकाशनमा आएको बताउनु भयो ।

## मुक्तकका प्रयासहरू



निष्कर्ष बिहिन सत्य तथ्य कुरो कहाँ छ
खोतल्दै गए भेटिन्छ पक्कै चुरो कहाँ छ
कालो चस्मा, कोट ढल्काएर मात्र के गर्नु
बोली, ब्यबहारिकपनमा खै सूरो कहाँ छ ?

**- गंगा दहाल**



सम्बन्धको गाँठो फुक्न सजिलो, कस्न गाह्रो हुँदोरैछ
बानी नभए पछि अरूको चिल्लो, घस्न गाह्रो हुँदोरैछ
उद्देश्य थियो बाँडीचुँडी खाएर मिलिजुली बसौं भन्ने,
बैगुनीहरूको नियतसँग मिलेर बस्न गाह्रो हुँदोरैछ ।

**- रवि श्रेष्ठ**



जसलाई जति बिश्वास गरे पनि पाउने घातै रहेछ
जति आफ्नै ठानी साथ दिएनी छुट्टाउने बातै रहेछ
आफन्तको भेषमा आउने धुर्त स्याल छ जतातत्तै
मजबुत सम्वन्धलाई धागो जस्तै छिनाउने नातै रहेछ

**- उषा के.सी.**



हृदयको बगैंचामा ढकमक्क फूलहरू फुलेसरि
भमराहरू खुशी खुशी फूलबारीमा झुलेसरि
कहिले लाग्छ यो जिन्दगी छरिएको बतास झैं
संसार हेर्ने रहर बोकी मनै मनले डुलेसरि ।

**- गीताश्री शर्मा, सिक्किम**



गर्दा पनि नहुने आखिर बलियो नभए पछि
मन भरी चोट अनि पिर बलियो नभए पछि
दुखीलाई दुःख माथि झन झन दुःख थपिने
आफ्नै यो खोटी तक्दिर बलियो नभएपछि ।

**- लक्ष्मी नेपाल**



आशारूपी दियो राम्रो, बले पो त जिन्दगानी
दुनियाँमा नाम राम्रो, चले पो त जिन्दगानी,
निराशाका फलहरू सँगालेर सोच्ने गर्छु,
सोचेजस्तो फल नौलो, फले पो त जिन्दगानी ।

**- अर्जुन अधिकारी**




चैत १३ गते । कवि, नाटककार एवं साहित्यिक पत्रकार वासु शशीको ९०औं जन्मजयन्तीको अवसरमा वासु शशी स्मृति परिषद्बाट वसन्त चौधरी, जयदेव भट्टराई र हरि मञ्जुश्री पुरस्कृत भएका छन् । त्यसैगरी वासु शशी स्रष्टा पुरस्कार २०८२ साहित्यकार जयदेव भट्टराई र कृष्ण- सरस्वती साहित्य पुरस्कार २०८२ साहित्यकार हरि मञ्जुश्रीलाई समर्पण गरिएको हो ।

वासु शशी साहित्य पुरस्कारको राशि नगद रू. २५,०००/-, वासु शशी स्रष्टा पुरस्कारको राशि नगद रू २१,०००/- तथा कृष्ण-सरस्वती साहित्य पुरस्कारको राशि नगद रू २५,०००/- रहेको छ । परिषद्का अध्यक्ष गीतकार कालीप्रसाद रिजाल सभापति रहेको कार्यक्रमका प्रमुख आमन्त्रित व्यक्तित्व गीतकार तथा चलचित्र निर्देशक यादव खरेल रहेका थिए । कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति कवि डा. विष्णुविभु घिमिरे तथा वासु शशी स्मृति परिषद्का सल्लाहकार राधेश्याम लेकाली, कृष्ण- सरस्वती साहित्य पुरस्कारका संरक्षक सरस्वती जोशीको उपस्थिति रहेको थियो ।

पुरस्कार समर्पण कार्यक्रमलाई सम्बोधन गर्दै गीतकार यादव खरेलले वासु शशीसँगको सम्बन्धको स्मरण गर्दै वासु शशी नम्र मिजासका अभिमान नभएको व्यक्तिका रूपमा चित्रण गरे । गद्य पद्य दुबैमा उनका थुप्रै कृतिहरू भएको उल्लेख गर्दै उनले वासु शशीका कृतिहरू रि-प्रिन्ट गरी पुनःबजारमा ल्याउनुपर्ने बताए । पुरस्कृत हुने तीनैजना स्रष्टाहरूलाई बधाई दिँदै गीतकार यादव खरेलले वासु शशी स्मृति परिषद्लाई धन्यवाद पनि दिएका थिए ।

सभापतिको आसनबाट बोल्दै गीतकार कालीप्रसाद रिजालले वासु शशीको जीवनको अन्तिम घडिको स्मरण गर्दै घण्टौं गफ गर्नुपर्ने व्यक्ति चूपचाप बस्नु परेको कुरा भावपूर्ण रूपमा व्यक्त गरेका थिए । पुरस्कृत स्रष्टाहरूका बारे परिषद्का उपाध्यक्ष श्रीओम श्रेष्ठले 'रोदन'ले प्रकाश पारेका थिए । उनले तीनैजना स्रष्टाहरूलाई चिनाइरहनु नपर्ने र नाम नै काफी भएको बताए ।

कार्यक्रममा स्रष्टा वसन्त चौधरीका बारे बोल्दै रोदनले एउटा उद्योगपति भएर पनि नेपाली भाषा, साहित्य, गीत सङ्गीतका क्षेत्रमा उनको कलम चल्ने गरेको बताए । व्यापारमा नाफा र सृजनामा सन्तुष्टि हेरिने भए पनि उनले नाफा र सन्तुष्टि बीच सन्तुलन राख्न सकेको बताए । वसन्त चौधरीका केही कृतिहरू हिन्दी तथा अंग्रेजीमा समेत अनुवाद भइसकेको बताए । वसन्त चौधरी फाउन्डेसन तथा श्री लूनकरणदास-गङ्गादेवी चौधरी साहित्य कला मन्दिरमार्फत उनको साहित्य तथा सङ्गीत क्षेत्रमा ठूलो योगदान रहेको बताए ।


त्यसैगरी रोदनले जयदेव भट्टराई सकारात्मक सोच राख्ने व्यक्ति भएको र नेपाली भाषा साहित्यमा उनको योगदानको चर्चा गरेका थिए। स्रष्टा हरि मञ्जुश्रीका हालसम्म ३ दर्जन साहित्यिक कृतिसहित १०० बढी सम्पादन कृतिहरु प्रकाशन भइसकेको बताउँदै नेपाली भाषा, साहित्य, सम्पादन तथा पत्रकारितामा उनको ठूलो योगदान रहेको बताए। कार्यक्रममा पुरस्कृत व्यक्तित्वहरुले आ ँ नो मन्तव्यमा वासु शशी र कवि कृष्ण जोशीको नाममा स्थापित पुरस्कारबाट सम्मानित हुन पाएकोमा आभार प्रकट गरेका थिए। *सुभाषचन्द्रपौडेल भीमफेदीया*

## पुर्खाको बाटो (पुस्तक समीक्षा)



*अरूणबहादुर खत्री*

नियात्राकार रामप्रसाद पन्तको पुर्खाको बाटो नामक नियात्रोपन्यास सङ्ग्रह २०७७ सालमा एकतिसौं कृतिको रूपमा दायित्व वाङ्मय प्रतिष्ठान नेपालले प्रकाशित गरेको छ । यसभित्र उनले लेखेका कुराहरूलाई दश भागमा विभाजन गरिएको छ । नेपाली साहित्यको विविध विधामा कलम चलाउदै आइरहेका उनी पछिल्लो समय नियात्रा विधामा रमाएको देखिन्छ । उनको यस नियात्रमा भरपुर रूपमा राष्ट्रियता जगाउने कुरा छन् । राष्ट्रिय भावना जगाउने प्रेरक प्रसङ्ग पनि छन् । पाठकलाई राष्टिङयता भावना जगाउने जोश र जाँगर बढाउने खालका छन् । यस सङ्ग्रहभित्रको भाग एकमा डेली डायरीमा भएका लामबद्ध कार्यक्रमहरू र व्यक्तिगत कार्यसूचिका अग्ला पहाडहरूलाई पन्छाएर भए पनि पुर्खाका पाइला पछ्याउने महाअभियानमा लाग्ने बचन पन्तले दिएका छन् । त्यसै भएर उनी चितवनतिर जाँदैछन् । उनीसँगै राजेन्द्रप्रसाद पन्त पनि जाँदैछन् रे । यात्रासंस्मरण र उपन्यासलाई अन्तर्घुलन गरेर यात्रोपन्यास भनिएका केही कृतिहरू बजारमा देखिएका छन् । तर नियात्रोपन्यास भनेर प्रकाशित भएका कृतिहरू पन्तको दृष्टिमा परेका छैनन् । एउटै उद्देश्य लिएर गरिएको यात्रा भएको र एउटै घुमाइभित्रको शृङ्खलित यात्रा भएकोले यसलाई नियात्रा मात्र भनिएको भए पनि हुन्थ्यो पन्तले भनेका छन् ।




यस उपन्यासको भाग पाँचमा बैतडीबासी पन्तहरूको उल्लास र उमङ्ग देखेर हामीभित्र पनि एउटा उत्कृष्ट सुहृद्भाव जागृत भइरहेको थियो । अझ मान्यजनको अगाडि शिर निहुर्याएर अभिवादन गर्ने पन्त बन्धुहरूको परम्परागत चलन देखेर भावको सागर छचल्किएको छ । भाग छ मा नेपाल छिर्ने सामानहरूमा कर बढाएकै कारण भीमदत्त पन्तले कृषकहरूको नेतृत्व गर्दै कर घटाउनका लागि आवाज बुलन्द गरे त्यहीबाट सुरू भयो उनको राजनीति र कृषि आन्दोलन भनिएको छ । भाग सातमा डोटीतिर लाग्ने स्याउलीबजारको बीच बाटोबाट उभिएको भीमदत्त पन्तको शालिकलाई अभिवादन गर्दै अगाडि बढ्दा एउटा सरकारी भ्यान हामीलाई उछिनेर अघिल्तिर बतासियो पन्तले भनेका छन् । भाग आठमा हामीले टेकेको धर्ती चलायमान भएपछि त्यसैका हामी पाञ्चभौतिक पिण्ड, स्वभावतः चलायमान हुनै नै भयौ नियात्राकारले भनेका छन् ।

उपन्यास लेख्ने परम्परा हामीकहाँ छँ दैछ । यात्रा संस्मरण लेख्ने परम्परा पनि पुरानै हो । तर नित्राया लेख्ने क्रम २०२६ सालदेखि मात्र सुरू भएको हो । यस सङ्ग्रहभित्रको भाग छमा सुन्दर ब्रह्मणपत्नी देखेपछि राजा पनि लोभिएछन् र सल्लाहले वा जबरजस्ती भए पनि दरबार भित्रयाउने सूर कसेछन् । त्यो प्रपञ्च थाहा पाएपछि ब्राह्मण ब्राह्मणीले धर्म रक्षार्थ रातको समयमा आफ्नै घरमा आगो लगाइ मृत्यु वरण गरेछन् भनिएको छ । यस कृतिलाई नियात्राकार रामप्रसादले यस्ता श्रृङ्गारिक प्रसङ्गले पनि जोडेका छन् । उनको यस नियात्रामा सामाजिक विकासको साथै सामाजिक प्रचलनका कुरा पनि समावेश गरिएका छन् । हाम्रो समाजको एकताको सामाजिकता, अन्तरनिर्भरताको सामाजिकता, आत्मनिर्भरताको सामाजिकताको कुरा यथेष्ट छन् । आजको युग परनिर्भरताको भएको छ । अनेकतामा बनाइएको एकता पनि खिइसकेको छ । नियात्राकार पन्तले यात्राको क्रममा एउटा सोच बनाएका रहेछन् पुर्खाका पाइला पछ्याउदै सुदूरपश्चिमको यात्रा गर्दा भारतको पूर्वोत्तर क्षेत्रको यात्रा पनि गर्न भ्याएका रहेछन् । भ्रमणका क्रममा उनीहरूले आफ्ना पुर्खाका कीर्तिहरू सुन्न भ्याएछन् । वंशबृद्धि हुँदै जाँदा भएका स्थानान्तरण र फैलिएका हाँगाबिगाका बारेमा पनि अन्तर्विमर्श गरेर परिचयमा आउन नसकेका पुर्खाहरूलाई पनि सूत्रबद्ध गर्ने प्रयास गरेकाछन् । यात्राको नेतृत्ववादी भूमिका निर्वाह दुर्गाराज पन्तले गरेका थिए ।

यस कृतिको भाग नौमा सामान्यतया स्वाभिमानमा बाँच्ने पन्तहरूको स्वभाव भएका कारण पनि अलिकति अहङ्कार जन्मदो हो । त्यतिबेला हामीमाथि पनि अहङ्कारको छायाँ परेको थियो कि भनेका छन् । यस कृतिको अन्तिम भाग दशमा नियात्राकारले भोक, रोग र अशिक्षाले सुदूरपश्चिमलाई चिन्यौ भनेका छन् । छाउपडी, देउकी र छुवाछुत प्रथाले सुदूरपश्चिमलाई चिनेका रहेछन् । तर त्यहाँ काली, सेती र कर्णाली पनि बग्छन् र तिनले सुदूरपश्चिमलाई उज्यालो पनि बनाउन सक्छन् भन्ने भुल्यौ भनेका छन् । बाटाघाटा बनाएमा बनाएमा बिकासको मूल फुट्न सक्छ भन्ने पनि भूल्यौ भनेका छन् । यो कृति नियालेर पढ्दा नियात्राकारको कलम निकै खारिएको पाएँ । नित्रायालेखनमा उनले निकै प्रगति गरेका छन् । उत्ताउलो नबनी सफलतापूर्वक आफुलाई प्रस्तुत गर्न सक्नु उनको चमत्कार हो र यस सङ्ग्रहमा उनले चमत्कार देखाएका छन् । यसमा लेखकको आफ्नै अनुभ" ति स्वाद छ उनको निजी भावना जतातत्तै छरिएको छ । लेखनशैली स्वतन्त्र छ । उनका यात्राहरू रोचक र रसिला छन् । यात्रा विवरणलाई मनोरञ्जनात्मक तुल्याउन उनी एकदम सफल भएका छन् । रामप्रसादका नियात्राहरूमा इतिहासिका पाठबाट सिक्नुपर्ने आग्रह बलियोरूपमा अभिव्यक्त भएका छन् । यस सङ्ग्रहको मूल्य रू.३५०।- राखिएको छ भने पृष्ठ संख्या १२० को छ ।

**सन्ध्याकालीन**
www.sandhyakalin.com
**गोरखा एक्सप्रेस**
www.nepaltoday.com.np
**पढौं**
**लेख, रचना र बिज्ञापन पठाएर सहयोग गरौं ।**





| | | |
|---|---|---|
| **सम्पादक/प्रकाशक** | | **राजन कार्की** |
| **Editor/Publisher** | | **Rajan Karki** |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

**गोरखा एक्सप्रेस साप्ताहिक**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np





## घण्टीले चुनाव जित्यो, सत्ता जित्यो शासन र कूटनीति जित्ने चुनौती

'भनिन्छ, कागजलाई खुम्च्याएर फेरि सिधा बनाउन सकिन्छ तर त्यसमा परेका चाउरीहरू कहिल्यै हराउँदैनन् । ठिक त्यसैगरी, नेतृत्वले जनताको मन दुखाएर माफी माग्न त सक्ला, तर चोटको त्यो दाग र अविश्वासको निशान सधैं रहिन्छ ।' यही कुरा बालेन सरकार र रास्वपाले ध्यानमा राख्नुपर्छ ।

रास्वपा र बालेनले चुनाव जिते । चैत १३ गते सत्ता पनि जिते । अब शासन-प्रशासन र कूटनीति सामुन्ने उभिएका चुनौती हुन् । यो चुनौती चानुचुने छैनन् । चैत १३ गते, प्रधानमन्त्री पदको शपथ लिनासाथ अमेरिका, भारत, चीन, पाकिस्तानले बालेन्द्र सरकारलाई बधाई दिएका छन् । साथै मिलेर काम गर्न उत्सुक रहेको जनाएका छन् । १५ सदस्यीय जेनजी पुस्ताको सरकारले आन्तरिक र बाह्यनीतिमा परिपक्वता देखाउने विश्वास गरिएको छ । यो अग्निपरीक्षा पदभार ग्रहण गर्नासाथ सुरू भइसकेको छ । बधाई सन्देशहरू आइरहेका छन्, खासगरी अमेरिका, चीन र भारतका सन्देश अर्थपूर्ण छन् ।

शपथ लिनासाथ अमेरिकाले बधाई सन्देशमा भनेको छ- नेपालका प्रधानमन्त्री बालेन्द्र शाह र नयाँ सरकारलाई हार्दिक बधाई । अमेरिका आपसी समृद्धि तथा क्षेत्रीय स्थिरतालाई अघि बढाउन नेपालसँग सहकार्य गर्न उत्सुक रहेको छ । चीनका प्रधानमन्त्रीले नेपालका लागि चीनका राजदूत छाङ मोमिङमार्फत दिएको बधाईमा भनेको छ- चीन र नेपाल पहाड र जलबाट जोडिएको परम्परागत छिमेकी मुलुक हो भन्दै दौत्य सम्बन्ध स्थापना भएको ७१ वर्षयता दुई देशले शान्ति सहअस्तित्वका पाँच सिद्धान्तको आधारमा द्वीपक्षीय सम्बन्धको विकास गरिरहेको व्यक्त गर्नुभयो। नेपाल सरकारको शासन संचालनमा चीन सरकारले समर्थन रहेको भन्दै उहाँले स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अविच्छिन्नताको संरक्षण गर्न नेपाललाई निरन्तर रूपमा समर्थन गर्ने उल्लेख गर्नुभयो । आफूले प्रधानमन्त्री बालेन्द्र शाहसँग मिलेर चीन(नेपाल उच्चस्तरीय रूपमा बेल्ट एन्ड रोडको संयुक्त निर्माण गर्न र अरू विभिन्न क्षेत्रका सहयोगलाई गहिरो पारी चीन(नेपाल विकास तथा समृद्धि उन्मुख युगौंयुग मैत्रीपूर्ण रणनीतिक सहयोग साझेदारी सम्बन्धलाई अघि सार्ने इच्छा लिएको पनि प्रधानमन्त्री ली छ्याङले बताउनुभयो । यसैगरी भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई सन्देशमा भनेका छन्- नेपाल के प्रधानमंत्री पद की शपथ लेने पर बालेंद्र शाह जी को हार्दिक बधाई । आपका कार्यभार संभालना नेपाल की जनता द्वारा आपके नेतृत्व में भरोसे को जताता है । मुझे विश्वास है कि हम मिलकर भारत-नेपाल की मित्रता और सहयोग को एक नई ऊंचाई पर ले जाएंगे, जो दोनों देशों के लोगों के पारस्परिक हित में है ।

आठ दशक पुराना पार्टीहरू छन्, जो चुनाव हारेर आत्मग्लानीमा छन् र प्रहार गर्न बालेन साहको गल्ती कमजोरी कुरेर बसेका छन् । यद्यपि केपी ओली, गगन, देउवा, प्रचण्ड, माधव, झलनाथ, खिलराज सबैले बधाई दिएका छन् । यो बधाई यथार्थमा लाजगाल टार्न दिएका हुन् । उनीहरू जसरी पनि बालेन साह र रास्वपालाई असफल पार्न कम्मर कसेर लागिसकेका छन् । यसकारण बालेन साहले सुशासनका लागि भ्रष्टाचार विरूद्ध र जाँचबुझ आयोगको रिपोर्ट कार्यान्वयन गर्नुपर्छ । रोजगारी बढाउन र अर्थतन्त्र सुधार्न तत्काल र दीर्घकालीन योजना ल्याइहाल्नुपर्छ । आफूले जनतासँग गरेका बाचा पूरा गर्न रातदिन काम गर्नुपर्छ । सय दिन छुट छ, सयदिनमा तोकिएका काम गर्नसके शासन र क्षमता देखाउन सके कूटनीति पनि जित्न सक्नेछन् ।

# बालेन साह र रास्वपाको अग्निपरीक्षा सुरू




मेयरबाट एक्कैपल्ट सत्ताको बागडोरमा पुगे बालेन साह । अनेकन नयाँ नयाँ रेकर्डका साथ सत्तँमा पुगेका बालेन साहले भ्रष्टाचारमा अंकूश लगाउन र सुशासन दिन सक्ला कि नसक्ला ? यही यक्ष प्रश्न बालेनका सामु उभिएको छ ।

सुरू दिनमै हरेक मन्त्रीले सुधार गर्ने संकेत देखाएका छन् । मन्त्रिपरिषदले गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको छ । जनता तातेका छन्, जनबल पर्याप्त छ । परिवर्तन गर्ने भोक देखाएका बालेन साह र रास्वपाले देश र जनताको पक्षमा जस्तोसुकै निर्णय गरे पनि जनताले स्वागत गर्ने वातावरण छ । भ्रष्ट र अपराधी जतिसुकै चिच्याउन्, तिनलाई सुन्ने कोही हुनेछैनन् । प्रधानमन्त्री बालेन साहले प्रशासकहरूलाई पढाइसकेका छन् कि राम्रोसँग काम गर्नु, अगर मगर सुन्ने पक्षमा म छैन । बालेन साहले आफूलाई जनताको पक्षमा होमिसकेका छन् ।

चुनाव प्रचारका क्रममा एकभोट एकजनासँग पनि मागेनन् बालेन साहले । मलाई काम गर्नुछ, काम दिनोस् भनेर जनतासँग माग्दा जनतलो ल काम गर भनेर जनमतको भारी नै बोकाइदिएका छन् । शपथग्रहणका अवसर देखि पदभार ग्रहण गर्दा र प्रधानमन्त्री निवासमा छिर्दा बालेन साहले जुन सांस्कृतिक चालमा हिडेका छन्, यी घटनाक्रमले नेपाली राजनीतिको आमूल परिवर्तनका झल्का र झिल्का देखाएका छन् ।

चैत १३ गतेदेखि बालेन साह प्रधानमन्त्री बने । जेनजी बिद्रोहले बालेन साहलाई मेयरबाट प्रधानमन्त्री बनाएको यो घटनालाई विश्वले उत्सुकताका साथ हेरिरहेको छ । बालेन साह सबैभन्दा बढी चासो दुई क्षिमेकी भारत र चीन तथा विश्वशक्ति अमेरिकी राडारको केन्द्रविन्दुमा रहेका छन् । दुई छिमेकीसँगको सम्बन्धलाई समदूरीमा राख्नु, दुबै मुलुकका स्वार्थलाई राष्ट्रिय हितमा खलल नपर्ने गरी संवोधन गर्नु र विश्वशक्तिलाई विश्वासमा लिएरअघि बढ्नु ढुंगा चपाउनु वा काँडेतारमाथि हिड्नुभन्दा गाह्रो विषय हो । यसकारण बालेन साहले विज्ञ, विशेषज्ञहरूको सल्लाह र काविल व्यक्तिहरूको सहयोगमा यो सुशासन ल्याउने जिम्मेवारी पूरा गर्न सक्नुपर्छ । यद्यपि भारत, चीन, अमेरिका, पाकिस्तानले समेत जनविश्वासको लागि बधाई र मिलेर काम गर्ने भनेका छन्, बालेनलाई काम गर्ने अवसर छ ।

लल्लरी बिल्लरी गाउने, दोष पन्छाउने वा यसो उसो नभएकाले काम गर्न सकिन भन्ने छुट बालेन साहलाई हुनेछैन । सुशासन दिन्छौं, भ्रष्टाचारको अन्त्य गर्छौं, समानता र शान्तिका साथ काम गर्छौं, सहमति र सहकार्यको राजनीति सुरू हुन्छ भनेपछि जेनजी पुस्ताको सपना साकार पार्न त्यही मार्ग हिड्नुपर्छ । भन्नलाई दुईवर्ष विदेश भ्रमण गर्दिन काम गर्छु भनेका छन् । चुनाव प्रचारका क्रममा पनि काम देउ बरू भोट नदेउ भन्ने बालेन साहप्रति झापादेखि महाकालीसम्मका जनताको भर छ, विश्वास छ । त्यो भर र विश्वासले नै घण्टी चिन्हमा जनताले मत ओइर्‍याइ दिएका हुन् । त्यो मतको भारी बोक्नु सजिलो छैन । बोक्न तैयार भएर अघि सरेपछि खुट्टा कमाउने मौका पनि हुनेछैन । सुरूदिनदेखि नै बालेन सरकारले हुने विरूवाको चिल्लापात देखाएका छन् ।

कि त हस्तिनापुरको राज, कि चपरीमुनीको बास । बालेन साहले हिम्मत गरेरै काठमाडौंको मेयर पदबाट झापा पुगेर कहिल्यै चुनाव नहारेका केपी ओलीसँग चुनावी प्रतिस्पर्धा गर्न अघि सरको थिए । उनको यही साहसलाई विश्वले सह्राहना गर्‍यो, नेपाली जनताले विश्वास गरे । रास्वपा झण्डै २ तिहाईको बहुमतमा मूलधारको राजनीतिमा हुनुमा पार्टी सभापति रवि लामिछाने र बरिष्ठ नेता बालेन्द्र साहको फ्यूजनले काम गरेको छ । रास्वपालाई ५ वर्ष स्थिर शासन गर्ने मौका जनताले दिएका छन् ।

०४६ सालपछिको बहुदल भ्रष्टाचारमा बहुलाएकै हो । २०६३ सालपछिको लोकतन्त्र पनि भ्रष्टाचारमै लुक्न पुगेको हो । देखाउने सुशासन थिएन बहुदल र लोकतन्त्रका शासक, प्रशासक, पार्टीहरूसँग । सुशासन दिन्छु भन्नेहरूले कुशासन दिएकै हुन् । भ्रष्ट राजनीतिमा लुटुपुटु गरेर सुशासक बन्छु भन्नेहरू कुशासक बनेकै हुन् । सुव्यवस्था कुव्यवस्था पार्टी र प्रशासकहरू मिलेर राष्ट्रलाई रूवाएकै हुन्, लुटेकै हुन् । संविधान कागजको खोस्टो बनाएकै हुन् । संसद, सांसद, सरकार, संवैधानिक निकायहरू लोकतन्त्रको मुखुण्डो लगाएर अपराधतन्त्त मच्चाएकै हुन् । यिनकै असक्षमता पटक पटक जनविद्रोह जन्मायो, गत भदौ २३ र २४ को जेनजी विद्रोहको कारक पनि यिनै भ्रष्टहरू नै हुन् ।

कुशासनका हरेक कुडाकरकड, पद्धतिका खियालाई अब फाल्नुपर्नेछ । नेता र पार्टीलाई जनताले चुनावमै पन्छाइदिएकाले, कुशासक पहाड बनेर बाधाका रूपमा उभिन सक्छन्, बालेन सरकारले यो पहाडलाई सम्याउनु छ, सुशासन ल्याउन कानुनी बिधान चलाउनैपर्छ । चुनावका बेलामा रास्वपाले जनताका सामु बाचापत्र सार्वजनिक गरेको थियो । जनतासँग करार पनि गरेकै हो । त्यो बाचापत्र र करार झूठा सावित नहोस्, आजको मूल प्रश्न हो यो । यो प्रश्नलाई रास्वपाले, बालेन सरकारले बिर्सनु भनेको जनताबाट टाढिनु हो ।

३७ वर्षपछि पहिलोपल्ट राजनीतिक आकाशका अनगिन्ति काला बादलहरूभित्र चाँदीको घेरा देखिएको छ । हुन त पटक पटकको चुनावमा त्यस्तो चाँदीको घेरा देखिएकै थिए । कांग्रेसको रूखै रूख, एमालेको सूर्य नै सूर्य पनि देखिएकै हो । तर ती सबै पानीको फोका सरह देखिए, फुटे, सकिए । शेरबहादुर देउवा ५ पटक, केपी ओली ४ पटक, प्रचण्ड ३ पटक, डा.बाबुराम भट्टराई, खिलराज रेग्मी, माधवकुमार नेपाल, झलनाथ खनालहरू पनि प्रधानमन्त्री भएकै हुन् । सबैले काण्ड मच्चाए, भ्रष्टाचारमा भैंसी आहाल बसेझैं बसे । राजनीतिक परिवर्तन त भयो, जनताको जीवनस्तर झन झन खस्किदै गयो । समाजवादी, सर्वहारावादी, प्रजातन्त्रवादी सबैले आफू र आफन्तलाई बनाए, देश भताभुङ्ग पारेर सकिए । बालेन नेतृत्वको रास्वपाको सरकारले जनआशा, जनअपेक्षा, राष्ट्रको आवश्यकता सुशासन र समृद्धिको उज्यालो मार्गचित्र कोर्न सक्ला कि नसक्ला ? आजको अहं प्रश्न यही हो ।

कांग्रेसका सभापति गगन थापाले भनेका छन्- राम्रा काममा हामी पनि साथ छौं, डढेका नोटदेखि छानबिन गर, छानबिन आयोग बनाउ । हुन त रास्वपासँग पूर्ण बहुमत छ । सिङ्गो मुलुक, विश्व नै साथमा देखिन्छ । मात्र शासन प्रशासन चलाउने योग्यता र क्षमता देखाउन सक्नुपर्छ । राजनीति त रास्वपाले जित्यो, शासन र कूटनीति जित्नुपर्नेछ । ठूलै उथलपुथलपछि बालेन सरकार बन्दैछ । समाजवादी कांग्रेस नराम्ररी दिग्भ्रमित छ । क्रान्तिकारी नेकपा (माओवादी)को अस्तित्व कसरी बचाउने भन्ने चिन्तामा छ । एमाले धुलोबाट उठ्छौं भन्दैछ । रास्वपाको काँधमा देश र जनताको शिरोभारोको भार आइसकेको छ, त्यसलाई जनताप्रति जवाफदेहीताका साथ कसरी पूरा गर्ने भन्ने रास्वपाको चिन्तन हुनुपर्छ, गफ गर्ने समय रास्वपासँग छैन । भोलि बालेन साहले सपथ खाएर मन्त्रिमण्डल गठन गरेपछि अग्निपरीक्षा सुरूहुनेछ । भोलि देखिनै रास्वपाले देखाएका सपना, गर्छु भनेका बाचा पूरा हुने सुरूआत हुनुपर्नेछ । बिहानीले दिनको मौसम बताएझैं भोलिदेखि नै रास्वपाले केही गर्छ भन्ने छनक देखाउनैपर्छ । किन कि रास्वपा र बालेन साहको यो सरकार न भूतो, न भविष्यति जस्तो हो । प्रजातन्त्रका व्याख्याता अब्राहम लिंकनका अनुसार चरित्र रूख हो, प्रतिभा रूखको छायाँ । बालेन नेतृत्वको सरकारले सुरूमै लोसे चरित्र देखायो भने यसको ओह्रालोयात्रा भोलिबाटै सुरू हुनेछ । जनता निराश छन्, हरेक दिन उत्साह भर्नुपर्नेछ।

पद्धतिमा लागेको संक्रमणको अन्त्य र शान्ति बिना समृद्धि सम्भव छैन । सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्यबिना सुशासन पनि सम्भव छैन, स्थिरता पनि असम्भव नै छ । यसकारण भ्रष्टाचारको महामारीसँग लड्न, बिभेद, निषेध र प्रतिषोधले सम्भव छैन भन्ने बुझ्नुपर्छ । यो सरकारले हरेक दिन हरेक दृष्टिले देश स्वस्थ हुँदैछ भन्ने सन्देश दिनुपर्छ । बालेनका लागि यो अनुपम अवसर हो । बालेन बोल्नभन्दा काम गरेर देखाउन चाहने नेता हुन् । उनी शासनमा असली डाक्टर बन्लान् र रोगको जरो पत्ता लगाएर देशलाई स्वस्थ बनाउने ओखतीमूलो गर्लान् भन्ने छ । शक्तिमान सरकारको नेतृत्व गरेका बालेनले जनविश्वासको शक्तिलाई सुशासनमा रूपान्तरण गर्ने ल्याकत देखाएमा जेनजी पुस्तामा उनी अझ ख्यातीमा जम्नेछन् । राजनीति र प्रशासनमा जमेर बसेको माफियाकरणलाई दूधको झिङ्गो मिल्काएझैं मिल्काउन रास्वपाको सम्पूर्ण शक्ति देखिनुपर्ने बेला यही हो । यसैमा सुशासनको अभिष्ट पूरा हुनेछ ।

भाषण मीठा, गुलिया धेरै भए । भाषणले देश बनेन । देशले काम र कामको नतिजा खोजेको छ, परिणाम खोजेको छ । दुश्चरित्र र खोक्रो भाषणले फोहर पारेको देशलाई सुशासनमा ढाल्ने साँचो बन्नुछ बालेनलाई । विद्यमान चुनौतिसँग सिंगौरी खेल्ने साहस रास्वपा र बालेन साहमा अब देखिनुपर्नेछ ।

राजनेतामा समाज बदल्ने सोच हुनुपर्छ । राजनेताले हिमालबाट उड्ने डाँफेको जस्तो उद्देश्यमूलक बेग हान्नुपर्छ । सक्षम त्यस्तो नेतृत्वले अवशरको सदुपयोग गर्छ र राष्ट्रिय स्वार्थमा आफूलाई उभ्याएर लक्ष्यभेदन गर्छ । जसरी सिंगापुरमा लीक्वान युले आफूलाई देश निर्माणमा समर्पित गरे । त्यस्तो हुन्छ देशभक्ति, स्वाधीन नेता । नेपाल बन्न नसकेको स्वार्थको विकास भयो, नेतृत्वको विकास नभएर हो । देशमा नेता धेरै छन्, राजनेता छदैछैनन् । नेताहरू भ्रष्ट र अनैतिक भए । हाम्रा होनहार नेताका मुख शान्ति, समृद्धि र सुशासनतिर भएन, राजनीतिक अपराधकर्मतिर भयो । देश दुर्गतिको भाषमा फस्यो । हिजोसम्मको शासनमा नैतिकहीनता र स्वार्थमा लिप्तपन थियो, यहीकारण शासन प्रशासनमा खिया लाग्यो । अब शासन प्रशासन चम्किनुपर्छ, जनताले अपनत्व लिनसक्ने बन्नुपर्छ । अवसरको अभिबृद्धि, समान अवसर र क्षमताको कदर हुनुपर्छ ।

राजनीति चैते हुरीजस्तो थियो । डरलाग्दो कुरा त राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, संवैधानिक अंगहरूदेखि कर्मचारीतन्त्रमा समेत पार्टीकरण छ । ट्रेड युनियन र विश्वविद्यालयदेखि स्कूलसम्म पार्टी क्याडर उत्पादन गरिन्छ । संविधानलाई पार्टीमैत्रीका रूपमा सञ्चालन गरियो । यहाँसम्म कि राज्य संयन्त्र नै पार्टीकरण गरिएको छ । सबैका सबै पार्टीप्रति उत्तरदायित्व निर्वहन गर्नेछन् । यो दुषित वातावरण तत्काल निर्मलीकरण गर्नुछ । यो उत्तरदायित्व बालेन सरकारको पहिलो काम हुनुपर्छ । संघीयता, राजतन्त्र र हिन्दुधर्मको राजनीतिक मुद्दालाई संवोधन गर्न बहस अघि बढाउनुपर्छ ।

भ्रष्टाचारका अनेक काण्डहरू छन् । यी सबै विषयमा बालेन सरकारले बाचाअनुसार निर्णय लिनसक्नुपर्छ । जनताप्रति जवाफदेहीता देखाउनु पर्छ । अहिले नगरे कहिले गर्ने ? रास्वपा र बालेन साह, चेतना रहोस् ।







# व्यवस्था नफेरि अवस्था सुधार : शङ्का र आशा



**नारायणप्रसाद मिश्र**

मुलुकमा राम्रो वा नराम्रो जुनसुकै राजनैतिक व्यवस्था रहेपनि मुलुकको मुख्य शासक अर्थात सरकार प्रमुख इमान्दार, नेतिकवान्, बुद्धिमान, ज्ञानी, प्रबुद्ध, जेहेन्दार, देशप्रेमी, निस्वार्थी, देश र जनताप्रति बफादार रहे भने सो ब्यक्तिले जरूर पनि देशको उत्थान र जनताको कल्याणको लागि उल्लेखनीय, स्मरणीय काम गर्न सक्छन् । गर्छन् । राजा महेन्द्रले देश र जनताको लागि गरेका बिकास निर्माणका काम र उपलब्धीहरूनै यस सन्दर्भमा दृष्टान्तको रूपमा राख्न सकिन्छ । यसै सन्दर्भमा नेपालमा २०४७ यता बहुदलको आगमन पछि आफूले चाहेको ब्यवस्था र आफूले चाहेजति शक्ति र अधिकार पाएर पनि आफू, आफन्त र आफना आसेपासेहरूको हित कल्याण गर्ने बाहेक देश र जनताको हित र कल्याण आफ्नो प्राथमिकताबाट पन्छाई प्रजातन्त्रको सट्टा दलीय तानाशाहीतन्त्र र नेतातन्त्र चलाएको ३ दशक भन्दा बढी अवधिको हाम्रो इतिहास पनि यसै सन्दर्भमा दृष्टान्तको रूपमा राख्न सकिन्छ । यस प्रसङ्गमा बिचार गरिदा ब्यवस्थाभन्दा ब्यवस्था चलाउने ब्यक्ति राम्रो र निष्ठाबान् हुनुपर्ने देखिन्छ । ब्यवस्था पनि राम्रो र ब्यवस्था चलाउने प्रमुख ब्यक्ति पनि राम्रो भएको खण्डमा सुनमा सुगन्ध भने जस्तै सबै कुरा राम्रै राम्रो जरूर हुनसक्ला ।

मुलुकको मुख्य शासक खराब, स्वार्थी, भ्रष्टाचारी, नैतिकहीन, गफी, हावादारी, लुटाहा, हुल्याहा, छली, कपटी, जाली परयो भने त्यस्ताले ब्यवस्था र बिधि पनि सोही अनुरूपको वनाई मुलुक र जनता दोहन गर्ने कुरा जरूर हुनजान्छ । यसको दृष्टान्त पनि हाम्रै २०४७ साल यताको बहुदलको इतिहास यथेष्ट हुन्छ । हाम्रा मुलुकका बहुदलीय शासकहरूले थरी थरीका प्रजातान्त्रिक अधिकार र मानव अधिकार सहितको संविधान र ब्यवस्था त मुलुकलाई दिए । तर संवैधानिक आयोग, न्यायिक आयोग, अधिकार दुरूपयोग अनुसन्धान आयोग, न्यायालय, शिक्षालय, औषद्यालय, मन्त्रालय, विभाग वा अन्य कार्यालयहरू सबैतिर आफनो हात र नियन्त्रणको व्यवस्था र बिधि बसाली आफूले जे जस्तो भ्रष्टाचार गरेपनि हुने र आफू बाहिरकालाई जेजस्तो अन्याय गरेपनि हुने ब्यवस्था वसालेको कुरा सबैलाई स्पष्ट छ । तिनीहरू आफैले, आफनो क्रियाकलापले देशमा भ्रष्टाचार र कुव्यवस्थापनाको अभ्यास र स्थापना गर्ने क्षेत्रमा आफूहरू जिम्मेवार ब्यक्ति भएको प्रमाणित गरेका छन् ।

यसैकारण मुलुकमा भ्रष्टाचारको कसैको फाइल खोलेपनि हुने, नखोलेपनि हुने, लुकाएपनि हुने, दवाएपनि हुने, कसैलाई मुद्दा लगाएपनि हुने, नलगाएपनि हुने, लगाइसकेको मुद्दा फिर्ता लिएपनि हुने आदि भइआएको कुरा सबैलाई थाहा छ । हुँदा हुँदा राष्ट्रप्रति र प्रधानमन्त्री एकै दलको भएपनि हुने र मुलुक र जनताको कुरामा तिमी र म मिलेपछि कसले के गर्न सक्छ भन्ने जस्तो गरेपनि हुने भइआएको सन्दर्भमा कतिपय अध्यादेश मिलोमतोमा जारी भएको भन्ने समेत आवाज सुन्नमा आएको पनि छ ।. यस अवधिमा यहाँ भएका गरेका अनेक थरीका अनियमितता, भ्रष्टाचार, बेइमानी; बदमासी, दमन्, शोषण, लूट आदि विरूद्ध नै मुलुकमा भाद्र २३ र २४ गतेको देशव्यापी विशाल पीडादायी, क्षतिपूर्ण हावाहुरी, सुनामी जस्तो आन्दोलन भएको हो भन्नुमा अत्युक्ति हुँदैन । यस पछिको सुशीला कार्कीको सरकारबाट संविधान, ऐन कानून सुधार, ब्यवस्था सुधार वा अन्य नीति निर्णयवाट मुलुकमा सुब्यवस्था र सुशासन स्थापना गर्नको निमित आवश्यक जन अपेक्षित कुनै स्मरणीय काम त हुन सकेन । तर यसै सरकारले गराएको आम चुनाववाट अकल्पित किसिमले बिफरले आफ्नो मुखारबिन्दु र आकृति बिग्रेका जस्तै आफनै कुकर्म र कुशासनले गन्हाएका सबै दलहरूलाई रछ्यानमा मिल्काई राष्ट्रिय स्वतन्त्र पार्टी बिशाल मतले बिजयी पार्टी बनी उदाएकोछ । यो पार्टी उही पार्टी हो जून पार्टीले ब्यवस्था नफेरि पनि अवस्था फेर्न सकिने धारणा राख्छ ।

साधारणत: बिचार गरिदा हानिकारक व्यवस्था र बिधि नफेरि जस्तो सुकै राम्रो शासक भएपनि अवस्था फेर्न गाह्रो हुने देखिन्छ । गोरेटो बाटोमा पनि साइकल गुडाउन त सकिन्छ तर सोही वाटोमा ठूलो ढुङ्गा रहेको छ भने सो नपन्छाई साइकल चलाउन सकिन्दैन । त्यस्तै मोटरकार, ट्रकको लागि सोही अनुरूपकै चौडाइको सड्क चाहिन्छ भने हवाइजहाजको लागि हवाइमैदाननै चाहिन्छ । म बुद्धिमान, म साहसी, म गर्छु भन्दैमा सानो चोकमा राखी हवाइजहाज उडाउन सकिन्दैन । एक किसिमले व्यवस्था नफेरि अवस्था फेर्ने कुरा त्यस्तै हो । विश्वविद्यालय क्याम्पस, कलेजहरूमा पार्टी सञ्चालित थरी थरीका नामका बिद्यार्थी संघ र संगठनहरू सञ्चालन हुने व्यवस्था गरी बा सो संस्थाहरूमा पार्टीका खुखार मुखियाहरूलाई उपकुलपति, रेक्टर, रजिष्ट्रार बनाई शैक्षिक संस्थाहरूमा भइरहेको राजनीतिकरण बन्दहुँदैन । त्यस्तै अड्डा अफिस, बैङ्क, विभाग, मन्त्रालय, प्रतिष्ठान आदि कुनैपनि ठाउँमा कर्मचारी संघ र संगठनका नाममा राजनैतिक कर्मचारी संगठनहरू रहेसम्म अड्डा अफिसमा सुशासन र अनुशासन बसाल्न सजिलो हुँदैन । ठूल ठूला शासकीय स्वरूप फेर्न पर्ने कुरा त बेग्लै छ । राष्ट्रपति र प्रधानमन्त्री उहीं एकै दलको हुने बा गठवन्धन् र मिलोमतोले हुने भनेको धामी पनि उहीं बोक्सी पनि उहीं, सजाय दिने पनि उहीं न्याय दिने पनि उहीं जस्तै भएको कुरा सर्व बिदित छ ।

ब्यवस्था फेरेर होस् बा नफेरि मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गरी मुलुकको दूतगतिले बिकास गरी जनताको अवस्था सुधार गर्ने महान जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टीको शिरमा परेको छ । यो पार्टी र यसका उर्जावान् नेता, कार्यकर्ताहरूले पहिले सत्तामा रही हालीमुहाली गरेका पार्टीहरूले जस्तै आफू र आफना समूहको लागि मात्र दलतन्त्र र नेतातन्त्र जरूर चलाउने छैनन् भन्ने आशा सबैमा पलाएको छ । साथै जरूर मेयर बालेन शाहले असिमित बाधा अडचन्, दबाव प्रभावको कुनै पर्वाह नगरी काठमाडौंको मुहार फेर्ने काममा लागी उपलब्धी प्रदर्शन गरे जस्तै अब प्रधानमन्त्री बालेन शाह र उहाँको समूहले आफनो समयावधि भित्रै सबैमा प्रभाव पर्ने किसिमले देशको मुहार फेर्ने काम गर्नु हुने आशा पनि जनमानसमा छ । म उहाँको सफलताको कामना गर्छु ।

यदि अबको सरकारले मुलुकको ठोस विकास र जनताको कल्याणको लागि जनताले स्पष्ट देख्ने र अनुभव गर्ने किसिमले अर्थपूर्ण सुधार ल्याउन सकेन भने, त्यो राष्ट्रका लागि गम्भीर दु:खद, त्रासदी दुर्भाग्य हुनेछ । हाम्रा जनताले धेरै झूट्टा, अधुरा वाचाहरू भोगी र सही सकेका छन् । देश अहिले एक निर्णायक मोडमा उभिएको छ, जहाँ जन अपेक्षा, आशा र भरोसालाई कुनै पनि उपाय र कामले पुरा गर्नैपर्छ । म पवित्र दिलले प्रार्थना गर्छु कि यो अवसर अब मुलुकले नगुमाओस् । मुलुकमा प्रजातन्त्रको एक सक्कली सूर्य उदाओस् ।

narayanshanti70@gmail.com

# जनरल जेडको चुनावपछि नेपाली कांग्रेस विभाजित भएर पुनर्गठन हुनु राम्रो



**डा. केदार कार्की**

नेपाली राजनीतिको सबैभन्दा पुरानो दल नेपाली कांग्रेस संकटमा छ । १९५० को दशकको सुरूवातदेखि नेपालमा भएका सबै ठूला राजनीतिक परिवर्तनहरूको अग्रपंक्तिमा रहेको यो दल हालै विघटन भएको राष्ट्रिय संसदको सबैभन्दा ठूलो राजनीतिक दल थियो । तर परिस्थिति धेरै छिटो परिवर्तन भएको छ । १४औं महाधिवेशनमा, दुबै महासचिवहरू देउवाको प्यानल बाहिरबाट निर्वाचित भए । पाटी भित्र पुस्तागत दबाबको एक स्पष्ट संकेत । तैपनि देउवा नेतृत्वले डिजिटल रूपमा जोडिएको, विश्वव्यापी रूपमा सचेत पुस्ताको आकांक्षा बुझ्न असफल भयो । यो विच्छेदनले जेन-जेड आन्दोलनको गलत व्यवस्थापनमा परिणत भयो । आन्दोलन पछि, देउवाले मंसिरभित्र १५ औं महाधिवेशन आयोजना गर्नुपर्थ्यो र नेतृत्वको व्यवस्थित हस्तान्तरणको निरीक्षण गर्नुपर्थ्यो । उनको दोस्रो चार वर्षे कार्यकाल पाटी नियमहरू अन्तर्गत पहिले नै समाप्त भइसकेको थियो । त्यो क्षणले नवीकरण, पुनर्गठन र सम्मानजनक बहिर्गमनको अवसर प्रस्तुत गऱ्यो । बरू, देउवाले पार्टी प्रतिनिधिहरूको ठूलो वर्गद्वारा समर्थित विशेष अधिवेशनको पनि प्रतिरोध गरे, जसले संकटलाई गहिरो बनायो र अपरिहार्य परिवर्तनलाई स्थगित गऱ्यो ।

कांग्रेसले एक समय आफ्नो लोकतान्त्रिक विरासतमा आधारित बलियो समर्थन आधारको आनन्द उठाएको थियो । राजतन्त्र र साम्यवाद दुवैलाई अस्वीकार गर्ने मतदाताहरू स्वाभाविक रूपमा पाटीतर्फ आकर्षित भए । १९९० पछि, कांग्रेस बढ्दो रूपमा यथास्थिति उन्मुख देखिन्थ्यो । देउवाको नेतृत्वमा, यो स्थिरता स्थापित भयो । पाटीले समयमै संघीयता, समावेशीकरण र सामाजिक न्यायको राजनीतिक महत्त्व बुझ्न असफल भयो, जसले गर्दा मधेशमा समर्थनको उल्लेखनीय क्षय भयो, जहाँ लोकतान्त्रिक आकांक्षाहरू बलिया थिए ।

देउवाको नेतृत्वमा, कांग्रेस र कम्युनिस्ट पार्टीहरू बीचको वैचारिकता धमिलो भयो । गणतन्त्रको नेतृत्व गर्ने माओवादीको बावजुद, कांग्रेसले आफूलाई राजतन्त्रवादी शक्तिहरूको स्पष्ट लोकतान्त्रिक प्रतिभारको रूपमा स्थापित गर्न असफल भयो । आज पनि, प्रमुख परिवारहरू सहित पार्टीभित्र राजतन्त्र र हिन्दू-राज्य सहानुभूति कायम छ ।

मधेशका मुद्दाहरूको बेवास्ता, कम्युनिस्टहरूसँग बारम्बार सहयोग, र समाधान नगरिएका राजतन्त्रवादी ह्याङओभरहरूले कांग्रेसको लोकतान्त्रिक पहिचानलाई धमिलो पारेको छ । कुशासन, भ्रष्टाचार, अत्यधिक केन्द्रीय नियन्त्रण, र जरा गाडेको गुटवादले मतदाताहरूलाई वैकल्पिक लोकतान्त्रिक विकल्पहरूतर्फ थप प्रेरित गरेको छ ।

कम्युनिस्टहरूसँगको गठबन्धनभन्दा बाहिर, देउवा बढ्दो रूपमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग मिलेर बसेको देखिन्थ्यो । २०१८ को कम्युनिस्ट गठबन्धनको पतन र ओलीको संसदको दुई असंवैधानिक विघटन पछि, ओलीको शासनसँग जनतामा निराशा व्यापक थियो । देउवाले ओलीसँग शक्ति बाँडफाँडको व्यवस्था अगाडि बढाए ।

देउवाले पछि कांग्रेसको नेतृत्वमा सरकारको सम्भावनाको बाबजुद **राजनीतिक स्थिरता** को नाममा ओलीसँगको गठबन्धनलाई जायज ठहराए । छैटौं पटक प्रधानमन्त्री बन्ने उनको चाहनाले ओलीको अलोकप्रियता र शासन असफलताको बारेमा चिन्तालाई ओझेलमा पारेको थियो । जनआक्रोशको चरम सीमामा पनि, कांग्रेसले समर्थन फिर्ता लिन सक्थ्यो र लोकतान्त्रिक विकल्पको रूपमा देखा पर्न सक्थ्यो । देउवा राजनीतिक रूपमा ओलीसँग अल्झिए, समायोजन रोजे ।

देउवा न त एक आकर्षक वक्ता हुन् न त एक प्रभावकारी संगठक । न त उनी एक बौद्धिक बहसकार न त एक बलियो नीति लेखक हुन् । न त उनले राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिस्थितिहरूमा प्रतिक्रियाशील विचारहरूको संश्लेषण वा राजनीतिक एजेन्डाहरू सेट गर्नमा दृश्यात्मक भूमिका खेल्छन् । उनका भाषणहरू, कथनहरू र अन्तर्वार्ताहरू विरलै व्यापक जनतासँग प्रतिध्वनित हुन्छन् । उनी विरलै व्यापक रूपमा यात्रा गर्छन् वा निरन्तर सार्वजनिक पहुँचमा संलग्न हुन्छन् । पार्टीका ऐतिहासिक नेताहरूको तुलनामा, देउवा अलग देखिन्छन् । उनी बीपी कोइरालाजस्ता विचारक वा लेखक होइनन्, सुवर्ण शमशेर जस्ता करिश्माई क्रान्तिकारी होइनन्, कृष्णप्रसाद भट्टराईजस्ता संत नैतिक व्यक्तित्व होइनन्, र गणेशमान सिंह जस्ता आत्म-बलिदानी योद्धा होइनन् । देउवाको नेतृत्व धेरै हदसम्म गैर-वैचारिक र व्यवस्थापकीय छ । उनी वैचारिक बहस र जन संलग्नताबाट टाढा रहन्छन्, तैपनि प्राविधिक नियन्त्रण र संगठनात्मक चालबाजी मार्फत सत्तामा रहे । यो विशेषताले उनको अधिकारलाई कायम राखेको छ तर पाटीको राजनीतिक जीवन्ततालाई खोक्रो बनाएको छ ।

सेप्टेम्बर ८-९ को विरोध पछि, देउवाले छोटो समयको लागि उपाध्यक्ष पूर्णबहादुर खड्कालाई कार्यवाहक प्रमुखको रूपमा नियुक्त गरे । तर, त्यसको केही समयपछि नै उनले फेरि ओली र एमालेसँग सहकार्य गर्न खुलापनको संकेत दिए, जसले भविष्यको चुनावी गठबन्धनको अनुमानहरू बढेका थिए ।

सेप्टेम्बरको सुरूमा जनरल जेडको विद्रोहले नेपाली राजनीतिलाई पूर्ण रूपमा परिवर्तन गऱ्यो । एकै दिनमा, नेपाली राजनीतिमा तीन प्रमुख दलहरू - नेपाली कांग्रेस, एमाले, माओवादीको पकड कमजोर भयो । यो विद्रोह यी दलहरूमाथि जनताको विश्वासको क्रमिक क्षयको अन्तिम बिन्दु थियो । सेप्टेम्बर ९ मा, फोहोरी शक्ति नाटकका लागि कुख्यात संसद विघटन भयो र कांग्रेस-एमाले सरकारलाई पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकारद्वारा प्रतिस्थापन गरियो । नयाँ कार्यकारी प्रमुख जेनजीका प्रतिनिधिहरूले सामाजिक सञ्जालमा मतदान मार्फत चयन गरे ।

कांग्रेसका शेरबहादुर देउवा, एमालेका केपी शर्मा ओली र माओवादी केन्द्रका पुष्पकमल दाहालले नेपालमा लगभग दुई दशकदेखि सत्ता सम्हालेका थिए, र संगीतमय कुर्सीहरूको निराशाजनक खेलमा पालैपालो देशको शासन गरिरहेका थिए । त्यसैले मिडिया, नागरिक समाज र बौद्धिक समुदायले अँगालेको जेन जेड आन्दोलनको एउटा प्रमुख माग भनेको यी बदनाम नेताहरूलाई तत्काल दृश्यबाट हटाउनु थियो । सडकमा यस्तो भावना थियो कि यदि पुराना दलहरूलाई अर्को मौका दिने हो भने, उनीहरूले पहिले आफ्नो स्थापित नेतृत्वलाई बदल्नुपर्छ । तैपनि, माथि उल्लेख गरिएका तीन नेताहरूमध्ये कुनै पनि पछि हट्ने मुडमा देखिएनन् । एमालेका ओलीले राजनीतिक अवकाशको सम्भावनालाई अस्वीकार गरे । माओवादी प्रचण्डले आफ्नो राजनीतिक प्रतिष्ठा कायम राख्न फोहोरी चालबाजी गरिरहे ।

जेनरल जेड विद्रोहको समयमा, देउवा र उनकी श्रीमती देउवामाथि गम्भीर आक्रमण भएको थियो । जब यो स्पष्ट भयो कि ओली र दाहाल, उनका अपराधका साझेदारहरू, पद त्याग्ने मुडमा थिएनन्, प्राय: गणना गरिएका कांग्रेस प्रमुखले पनि आफ्नो मन परिवर्तन गरे । कांग्रेसले नयाँ नेतृत्व चयन गर्न आफ्नो महाधिवेशन गर्नुपर्ने थियो । धेरैजसो पार्टी पदाधिकारीहरूले पाटी नयाँ नेतृत्वमा राष्ट्रिय चुनावमा जान सकोस् भनेर प्रारम्भिक अधिवेशनको पक्षमा थिए ।

एमाले र माओवादी केन्द्रभन्दा फरक, कांग्रेस एक बलियो लोकतान्त्रिक संगठन मानिन्छ । गगन थापा र विश्वप्रकाश शर्मा जस्ता पाटीका आगामी पुस्ताका नेताहरूले नयाँ नेताहरू चयन गर्न समयमै अधिवेशनको लागि जोशका साथ अभियान चलाएका थिए । उनीहरूले पाटीको निर्णय लिने निकायहरूको सबै तहमा युवाहरूलाई बढी मत दिन पनि कदम चाले । तिनीलाई राम्ररी थाहा थियो कि यदि वर्तमान नेतृत्वमा मार्च ५ मा हुने राष्ट्रिय चुनावमा कांग्रेस गयो भने पाटी नराम्रोसँग हार्न सक्छ । तैपनि, अर्को पुस्ताका नेताहरूबाट किनारा लगाइने डरले, उनी पाटी वा देशको बृहत् हितमा सम्झौता गर्न असमर्थ भए । तर देउवा नेतृत्वको पुरानो संस्थापन पक्ष उनीहरूलाई विफल पार्न दृढ देखिन्छ । देउवाको अध्यक्षता अघि, कांग्रेसले बलियो अन्तर्राष्ट्रिय हैसियतको आनन्द उठायो । जबकि चीनसँग सम्बन्ध सन्तुलनमा राख्यो र उदार लोकतन्त्र र मानव अधिकारको वकालत गऱ्यो । तर देउवाको नेतृत्वमा, यो विश्वसनीयता निरन्तर खस्कँदै गयो ।

२०१० पछि विश्वव्यापी राजनीतिक गतिशीलता परिवर्तन हुन थाल्यो, तर कांग्रेसले अनुकूलन गर्न असफल भयो । २०१४ मा भारतमा भाजपा र नरेन्द्र मोदीको उदय पछि, पहिलेको संलग्नताका मोडहरूले काम गरेनन्, तैपनि कुनै प्रभावकारी रणनीति देखा परेन । केपी ओलीको विदेश नीति दृष्टिकोण र आरजु राणाको विदेशमन्त्रीको कार्यकालको संयुक्त प्रभावमा, नेपालको बाह्य सम्बन्ध असंतुलन, असंगति र घट्दो विश्वासबाट ग्रस्त भयो । नेपाली कांग्रेसको उदार लोकतान्त्रिक मूल्यहरूको कमजोर हुनु नेपाली लोकतन्त्रको लागि हानिकारक हुनेछ ।

युवा कांग्रेसी नेता गगन थापाले एक पटक टिप्पणी गरेझैं, दास र लाश भनेर वर्णन गरिएको शेरबहादुर देउवा गुटले अन्तत: पार्टीका आफ्नै महासचिवहरू, गगनकुमार थापा र विश्वप्रकाश शर्मा विरूद्ध कारबाही गरेको थियो । उनीहरूलाई साधारण पाटी सदस्यताबाट पनि वञ्चित गरिएको थियो र पाँच वर्षको लागि निष्कासन गरिएको थियो । यो कदमसँगै, नेपाली कांग्रेस इतिहासमा तेस्रो पटक विभाजित हुने अवस्थामा थियो ।

यसअघि, २०१० सालमा मातृकाप्रसाद कोइरालाले नेपाली कांग्रेसलाई विभाजन गरेर राष्ट्रिय प्रजा पार्टी गठन गरेका थिए र २०५० सालमा शेरबहादुर देउवाले पार्टी विभाजन गरेर नेपाली कांग्रेस (लोकतान्त्रिक) गठन गरेका थिए । यसैबीच, महामन्त्री थापा र शर्माको पहलमा, पार्टीका ५४ प्रतिशत महासमिति सदस्यहरूको हस्ताक्षरसहित विशेष महाधिवेशन आयोजना गरिएको थियो । यो अधिवेशनले गगन थापाको नेतृत्वमा पाटीलाई पुनर्गठन गर्ने संकल्प गरेको छ । आम चुनावको पूर्वसन्ध्यामा कांग्रेस विभाजित भएपछि, अब प्रश्न यो छ : पाटीले कुन बाटो लिनेछ ?

जेन-जेड आन्दोलनको क्रममा जेन-जेड युवाहरूको नरसंहार हुँदा गृहमन्त्री नेपाली कांग्रेसकै थिए– रमेश लेखक, जसलाई उपहासपूर्ण रूपमा ***काफिया क्युँ लुटा डाला नटवरलाल*** भनेर चिनिन्छ । परराष्ट्रमन्त्री नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाकी पत्नी आरजु राणा थिइन्, जसलाई ***भ्रष्टाचारकी पम्फा देवी*** भनेर व्यापक रूपमा कुख्यात गरिएको थियो । एमालेसँगको गठबन्धनमा बनेको लगभग दुई तिहाइ बहुमतको सरकारमा नेपाली कांग्रेसले सत्ताको लगभग आधा हिस्सा ओगटेको थियो । तर, दु:खको कुरा, जब एमाले नेतृत्वको ओली सरकारले– जसको नेपाली कांग्रेस साझेदार थियो– भाद्र २३ र २४ (सेप्टेम्बर ८ र ९) को ऐतिहासिक जेन-जेड युवा आन्दोलनलाई हिंसात्मक रूपमा दबाउने रणनीति बनायो, तब पार्टीको कमान्ड महासचिव थापा र शर्माको हातमा थियो । तर जब त्यही सरकारले जेन-जेड प्रदर्शनकारीहरूमाथि लक्षित गोली चलाएर आन्दोलनलाई नरसंहारमा परिणत गऱ्यो, यी दुई महासचिवहरू असहाय र मौन रहे ।

देउवा दम्पती र भ्रष्ट मन्त्री दीपक खड्काको घरमा लाखौं र अर्बौं मूल्यका नगद जलिरहेको तस्बिर मिडिया आउटलेटहरूले प्रसारण गर्दा पनि उनीहरूले एक शब्द पनि बोलेनन् । देउवा दम्पती आफ्नो घरको सुरक्षा गार्डमा अवैध रूपमा लाखौं घुस जम्मा गर्दै बसे पनि, जेन-जेडका प्रदर्शनकारीहरूले कुटे र नेपाली सेनाले हेलिकप्टर मार्फत उद्धार गर्नुपऱ्यो । यी सबै पछि, देउवा र उनको सचिवालयले देउवा निवासमा पैसा जलाएको भिडियो फुटेजलाई एआई-उत्पन्न नक्कली सामग्रीको रूपमा बेइज्जतीपूर्वक खारेज गर्ने प्रयास गरे ।

यी विकासक्रमहरूका बीचमा, कांग्रेस भित्र नेतृत्व परिवर्तनको माग र आकांक्षाहरू शान्त तर निरन्तर बढ्दै गए । तदनुसार, गगन थापा र विश्वप्रकाश शर्माले चुनाव अघि नियमित पाटी अधिवेशनको लागि आह्वान गरे । यद्यपि, देउवा समूहको वर्चस्व रहेको केन्द्रीय कार्यसमितिले चुनाव अघि महाधिवेशन असम्भव हुने निर्णय गऱ्यो । प्रतिक्रियामा, गगन समूहले विशेष अधिवेशन मार्फत नेतृत्व परिवर्तनको माग अगाडि बढायो । देउवा नेतृत्वको केन्द्रीय समितिले यो प्रस्तावलाई ठाडै अस्वीकार गर्दा, गगन समूहले जसरी पनि विशेष अधिवेशन मार्फत नयाँ नेतृत्व चयन गर्ने परिस्थिति सिर्जना गरेर अगाडि बढ्यो ।

अब, कुन गुट आधिकारिक हो निर्वाचन आयोगले किटान गरिसक्यो, मुद्दा सर्वोच्चमा छ, विचाराधीन रहेको स्थिति छ ।

जेन जेडको मत र जनताको इच्छाअनुसार फागुन २१ को चुनावमा बलियो सरकारलाई जनादेश आइसकेको छ । यसले लोकतान्त्रिक मूल्यमान्यताको थप क्षयलाई रोक्नेछ भन्ने विश्वास पलाएको छ । समग्रमा, कम्तिमा कांग्रेसमा आवश्यक बहस भइरहेको छ, र मानिसहरूले पाटी भित्रको अशान्ति देख्न सक्छन् । पाटीमा नयाँ जेन जेड भावनाको बलियो समर्थक पनि छ, जसले नवीनताको लागि अवसर प्रदान गर्दछ । तर यसले मात्र तथाकथित सुधारिएको कांग्रेस र यसका नेताहरूले देखाएको अवसरवादी असहायतालाई मुक्त गर्दैन । जबसम्म यी सुधारिएका गगनहरूले आफूलाई (जेन-जेड आन्दोलनको भावना र सारप्रति) प्रतिबद्ध गर्दैनन् । देशलाई भ्रष्टाचारमुक्त समाज, सुशासन र वास्तविक समृद्धितर्फ डोऱ्याउन, त्यो दिन टाढा छैन जब तिनीहरू या त साँच्चै सुधार हुनेछन्, या गायब हुनेछन् ।




*People frequently assume that the wars are won or lost on the battlefield. Armies advance, enemies retreat, and one side ultimately wins. However, modern wars rarely end in that manner. They end when three things break simultaneously. Munitions, markets, and midterms. These fault lines determine the realistic duration of hostilities.*

*The Illusion of Battlefield Decisiveness*

*The emerging confrontation with Iran will follow that pattern. It will not end with a dramatic surrender or a decisive battlefield collapse. It will end when three separate fault lines begin to converge—when munitions thin out, markets revolt, and political patience expires. Not simultaneously, perhaps. But close enough to force a recalibration that leaders will later describe as strategy rather than necessity.*

*Start with munitions. Modern warfare flatters the illusion of infinite capacity. Precision-guided missiles, satellite surveillance, layered air defenses—it all suggests a kind of technological permanence, as if advanced militaries can sustain high-intensity operations indefinitely. They cannot. They never could.*

*The problem is not ingenuity. It is production. A modern interceptor missile is less a weapon than a small, specialized system stitched together from fragile supply chains. Microelectronics, rare materials, precision engineering—these are not things that can be scaled overnight, or even within a year. They require contracts, skilled labor, and time—always time, the one resource war consumes fastest.*

*When Firepower Meets Industrial Limits*

*At the outset of conflict, stockpiles conceal this reality. Commanders fire liberally because they can. Interceptors meet incoming threats. Targets are struck. The tempo feels sustainable. It isn't. One intense night of missile defense can erase months of production. And once inventories dip below a certain threshold, strategy begins to shift—not because doctrine changes, but because arithmetic does.*

*That constraint applies on both sides, though differently. The United States depends on exquisite systems—expensive, limited, slow to replace. Iran leans on volume and asymmetry. Cheaper drones. Simpler missiles. Tools designed not necessarily to win outright, but to exhaust, to saturate, to impose cost.*
*It is a contest between precision and persistence. Between quality and quantity. History suggests neither side enjoys a monopoly on success in such contests. The Germans learned that in 1944 when Allied industrial output overwhelmed tactical brilliance. The United States learned something similar, albeit more slowly, in Vietnam and later in Iraq—where technological superiority struggled against adversaries willing to stretch time and cost.*

*Time, in fact, is the hidden variable. The side that manages it better usually prevails. Or, more accurately, survives long enough to redefine victory.*

*Then there are markets. They react faster than armies move and care little for strategic narratives. Investors are not interested in who controls which piece of territory; they care about stability, predictability, and risk. The moment those erode, capital begins to shift—quietly at first, then all at once.*

*Energy is the obvious a fault line. Disruptions in the Persian Gulf ripple outward with unnerving speed. Oil prices rise. Shipping routes adjust. Insurance premiums spike. But the secondary effects are more consequential. Fertilizer costs increase. Food prices follow months later. Inflation, once contained, begins to stir again.*

*Modern economies are tightly coupled systems. Tug at one thread—energy—and the entire fabric shifts. Aviation reroutes. Supply chains lengthen. Manufacturing slows. And somewhere, far removed from the initial conflict, a consumer pays more for bread or electricity without fully understanding why.*

*There is also a newer layer, one that did not exist in earlier wars: digital infrastructure. Data centers, cloud networks, the architecture of the modern economy. These are not peripheral assets anymore; they are central. Target them, and the effects cascade through finance, logistics, communication.*

*Iran appears to understand this. It is not merely confronting military assets; it is probing the economic nervous system that sustains them. The logic is straightforward. You do not need to defeat a superpower militarily if you can complicate its economic environment enough to make prolonged conflict unattractive.*

*Markets, in this sense, act as a kind of informal referee. They cannot stop a war, but they can raise its price to the point where political leaders begin searching for exits. Not victories—exits. There is a difference.*
*Which brings us to politics. The most underestimated variable, and often the decisive one.*

*Markets as the Unseen Battlefield*

*Wars begin with unity. They almost always do. Public support rallies around the flag. Opposition quiets, at least temporarily. Leaders gain room to act. But unity is perishable. It fades as costs accumulate and objectives blur.*

*In democracies, the clock is relentless. Elections arrive whether wars conclude or not. And those elections transform foreign policy into domestic liability. Rising fuel prices are no longer abstract consequences; they are campaign issues. Supply chain disruptions become talking points. Casualties—if they mount—become symbols.*

*The United States faces such a clock. Midterm elections, scheduled with mechanical certainty, will force a reckoning. Lawmakers in competitive districts will begin asking questions—not necessarily about strategy, but about sustainability. How longæ At what costæ To what endæ*
*These are not questions generals answer. They are questions politicians cannot avoid.*

*The Tyranny of the Political Clock*

*History again offers a guide. The Vietnam War did not end because the United States ran out of military options. It ended because domestic support eroded beyond repair. The Iraq War followed a similar arc, though less dramatically. In both cases, battlefield dynamics mattered. But political endurance mattered more.*

*Iran's strategy appears calibrated to this reality. It does not need to win quickly. It needs to endure, to impose steady pressure across multiple domains—military, economic, psychological—until the coalition arrayed against it begins to fracture under its own weight.*
*That is the essence of "munitions, markets, and midterms." Not a slogan, but a framework. Each element reinforces the others. Depleting munitions constrains military options. Market instability amplifies domestic dissatisfaction. Political pressure, in turn, limits the willingness to sustain costly operations. A feedback loop forms.*

*And within that loop, definitions change. Total victory becomes partial success. Objectives are quietly revised. Negotiations, once dismissed, become pragmatic. Leaders speak of stability, deterrence, balance—words that signal adjustment rather than triumph.*

*This is how the war is likely to end. Not with a decisive blow, but with a convergence of fault lines. Not with clarity, but with ambiguity that has been skillfully presented as a solution.*

*There is an irony here. Maximalist goals, such as defeating an enemy, reshaping an area, or establishing dominance, are frequently the starting point of wars. They end with something far more modest. Containment. Deterrence. A return, more or less, to the status quo, though usually at higher cost and with fewer illusions.*


*Iran understands this pattern. It has studied it, adapted to it. The United States understands it too, though it sometimes takes longer to acknowledge. The difference lies not in knowledge, but in political tolerance for prolonged ambiguity.*
*In the end, the decisive battles will not be the ones most people watch. They will unfold in production reports, market indices, and polling data. Less dramatic. More consequential. And when those three fault lines—munitions, markets, and midterms—begin to align, the outcome will not need to be declared. It will already be decided.*

*M A Hossain is a senior journalist and international affairs analyst, based in Bangladesh. He can be reached at: writetomahossain@gmail.com*

# Balen's Moment: From TV Studios and Hotel Halls to Ground Realities

## Channeling a new generation's impatience and energy into learning and progress

Dr. Alok K. Bohara




**Looking Under the Light**
There is an old story about a man looking for his lost key under a streetlight. A passerby asks him, "Where did you lose it¿" The man points into the dark. "Over there." The passerby is puzzled. "Then why are you looking here¿" The man replies, "Because the light is better here."
It is a simple story, but the lesson is clear. We often look for answers where it is easiest to see—not where the answers actually are.
In Nepal today, the "bright light" is everywhere—TV studios, social media debates, and well-lit conference halls. They are visible and comfortable. But the real problems of governance—and their solutions—are not found there.
They are found in Nepal's hinterlands—the less visible parts of the country: rural municipalities, ward offices, public schools, health posts, accident-prone roads, pollution-filled air, fallow lands, small markets, and everyday communities where policy meets reality.

**An Encouraging Beginning, A Quiet Question**
The recent orientation of the new leadership team was, in many ways, encouraging. It showed energy, purpose, and a sense of collective mission. A new group —the young, the educated, and somewhat restless—stepping into politics needs coordination and some shared direction. That much is understandable.
At the same time, the setting—a well-lit hotel hall—raises a quiet question: is this where the real orientation of leadership should begin¿ Because governance is not learned in conference rooms. It is learned in the field.

**An Elusive Leader, A Defining Moment**
There is also a broader curiosity—and some concern—about the leadership at the center of this moment. Balen remains, for many, an elusive and still somewhat unknown figure at the national level. His relative silence creates both space for hope and space for uncertainty. Some see discipline in it. Others worry about impulsive tendencies seen in earlier episodes. These are not criticisms as much as they are conditions of a new leadership moment. In such moments, early signals matter.

**From Hotel Halls to the Hinterlands**
One strong signal would be this: move from TV studies and hotel halls to the hinterlands.
Send the newly elected, educated—but still relatively raw—leaders into the field. Not for rallies, not for speeches, but for listening and learning. Divide them into small teams and send them across the country—into rural municipalities, health posts, public schools, small markets, fallow lands, urban streets, and local administrative offices. Let them spend time understanding why agricultural land lies fallow, where local governance decisions stall, how public education actually functions, and what constraints small businesses face. Let them see, firsthand, the gaps in basic healthcare, the daily failures in urban utilities—waste, electricity, water, telecommunications—and the real barriers that discourage diaspora investment. Let them also observe local strengths and the possibilities for regional linkages—a potential China–Nepal–India trilateral nexus.
And then ask them to return—not with speeches—but with simple, one-page notes: what they saw, where the bottlenecks are, and what can be fixed quickly.
This is not a symbolic exercise. It is the beginning of adaptive governance—a system that learns before it decides. It also creates a much needed feedback loop from the citizens to the policymakers.
Of course, the party has already produced a long and detailed manifesto. But these field excursions —the town hall meetings or the chautari gatherings— can serve a deeper purpose: grounding that manifesto in lived reality. Each team can return not only with insights, but with the basis for concrete legislative proposals—preparing draft bills and emerging as issue champions on the floor of Parliament.

**From Silence to Steady Communication**
A second signal could come directly from the center. Balen's strength may not be traditional oratory. But leadership today does not require long speeches—it requires steady, credible communication.
A weekly address—simple, direct, and consistent—could help bridge that gap. Not speeches, but conversations: what the government is seeing, what it is learning, where it is struggling, and what comes next.
In a noisy media environment, this kind of regular communication can build trust. Silence, on the other hand, creates a vacuum—and vacuums are quickly filled with speculation and conspiracy theories. Communication, in this sense, is not performance. It is governance.
Where Governance Begins
Nepal has seen many beginnings. Some started with promise but drifted. This moment carries a generational shift—but energy alone is not enough. It must turn into learning. And learning must turn into action (adaptive governance).
If there is one early lesson worth emphasizing, it is this: do not look for answers only under bright lights. Go where the problems live-among the hearts, minds, and chulos (kitchens) that have ushered this new party in with hope and a sweeping desire for change. That is where governance begins, and where its credibility will ultimately be tested.
*Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.*

# राष्ट्रिय समस्याको पहिचान जरूरी –३



नेपाल प्रकृतिको वरद देश भएर पनि प्रकृतिलाई हामीले सही उपभोग गर्न सकेका छैनौं । हामीले जे उपभोग गरिरहेका छौं त्यो प्रकृतिले दिएको होइन ।

**जमिन खण्डीकरण :**

९० प्रतिशत जनताको जीवन आधार भएको कृषि भूमिको खण्डीकरण सबैभन्दा ठूलो समस्या हो । खण्डीकरण कृषि विकासकालागि संबेदनशिल बाधक विषय बनेकोछ । यूरोपमा जमिनको प्लट हुनसकनेसम्म सानो बनाएर नं र अभिलेख दुरूस्त पारिएको हुन्छ भने अमेरिकामा १८० हेक्टरको न्यूनतम टुक्रा हुन्छ । नेपालमा भने आधा हेक्टर भन्दा धेरै साना टुका पहिले नै छन् । त्यसमाथि साम्यबादीहरूले जमिन्दारका र सुकुमबासीले सार्वजनिक जग्गाका खण्डीकरणले यो अवस्था झन नाजुक भएकोछ । अझ अदालतको निर्णयले छोरीलाई पनि अंश दिने तर अर्जनर्त्ताले आफनो इच्छाले समेत कसैलाई दिन नपाइने, अंशै दिन पर्ने निर्णय गरेर खण्डीकरणको पराकाष्टा भएकोछ । देश विपन्न भईराख्ने काम भएकोछ ।

**यथास्थितिवादिता :**

हाल भइराखेको बसोबास परिपाटी र कमाउने, आर्जन गर्ने र आफ्ना खाँचो अनुरूप जुटाउने परिपाटीका आधारमा हेर्दा देशका जनताको जीवनस्तर तल गिर्नुबाहेक माथि उठ्नै सक्दैन ।

**यातायात र वातावरण:**

बिद्यमान बस्ती बसाईको तरीकामा सबैलाई घरसम्म यातायातको सुविधा पुग्नै सक्दैन । सडक लगानीको हिसावले सम्भव नहुने मात्र होइन सडक सडकले देशको तमाम कृषि पैदावार क्षेत्र, वन पैदावार क्षेत्र समेत समाप्त हुन्छ । अनि यहाँ वस्नु मरूभूमिमा बस्नु जस्तै हुनेछ ।

**विद्युत् र घरेलु उद्योग:**

हालकै अवस्थामा हालकै रूपले काम गर्दै जाने हो भने नेपालमा ५८ वटा नगर क्षेत्र र केही गाउँ क्षेत्र बाहेक धेरै क्षेत्र अन्धकारमै रहेका छन् , रहनेछन् ।

**बसाइ-सराइ समस्या :**

यी सब कुराको नतिजा के हुन्छ भने गाउँघरका अलि सचेत र सम्पन्न व्यक्ति जति सबै शहर पस्न थाल्दछन् । यसो हुनुमा साधन सुविधाको उपयोग गर्नु एउटा आशय हो भने अर्को चाहिँ सामाजिक परम्परा, ठूलोसँगै बसेर ठूलो हुने आशय । यसो नगरे जागिर खान वा अरू कुनै व्यवसाय गर्न असुविधा पर्दछ । छोराछोरीलाई शिक्षा दीक्षा दिन सकिँदैन । सामान्य कुरा त गाउँमा बसेर छोराछोरीको विहे गर्नु गाह्रो हुन्छ । यस्तो परिपाटीले गाउँको दशा झन्झन भयावह र झन्झन् कष्टदायी हुँदै गएको छ । सचेतले शहर च्यापेपछि गाउँको विकासमा निर्देशन र नेतृत्व दिने मानिसको अभाव खट्किँदै गएको छ । चुहिने विद्यालयका छाप्रा टाली दिनेको पनि कमी हुँदै गएको छ । गाउँको यसरी गिर्दो अवस्थालाई जोगाउन घना र व्यवस्थित वस्तीको खाँचो छ ।

**व्यवस्थित बस्ती पद्धति**

सरकारी योजनाको गतिभन्दा जनसोचको गति तीब्र हुनुको कारण नै काठमाडौं लगायत समस्त शहर, गाउँ र वस्ती नराम्ररी बिग्रिएका हुन् ।

के बुद्धिजीवी, के किसान, के व्यापारी, के विद्यार्थी सबैले एकत्रित घना, सुनियोजित र सुव्यवस्थित बस्ती, चकलाबन्दी जग्गा र ब्लक खेती एक स्वरले चाहेका छन् । जन इच्छाको विपरीत व्यवस्थित शहर गाउँ बस्ती बनाउन केही यथास्थितिवादी तथाकथित विद्वान् वा राजनैतिक कार्यर्त्ताले दवाव नीति र अप्रजातान्त्रिक भनी उल्टै प्रजातान्त्रिक विकासको हत्या गर्ने तर्क पाइन्छ । बानेश्वर वा गोंगबूका जनताले हिलो र गाडी अड्कने सर्प गुडिल्किए जस्ता दोहोरा मान्छे नअटाउने गल्लीमा चाहेर करोडौ रूपैयाँका घर बनाएका होइनन् । त्यो त सरकारको सहयोग विना हुनै नसक्ने जनताको वसबाहिरको कुरा भएर मात्र त्यसो भएको हो । समयमै अस्थायी अधिकरण गरेर वा त्यसमै योजना गरिसकेपछि पुनः वितरण गरिदिएको भए अथवा कागजी योजना बनाएर स्थानीय एकाइलाई कार्यान्वयन गर्न मात्र दिएको भए जनताले चाहे जस्तै हुने थियो । व्यवस्थित र एकीकृत वस्तीको अभावबाट प्रत्येक कृषक परिवारको प्रतिदिन सरदर १.५ जनाको श्रम पानी र दाउरा खेप्ने, गोठालो लाग्ने, ठाउँ-ठाउँको जग्गाको घरगोठ, बाली रूङ्ने, बजार गर्ने, अड्डा धाउने, जस्ता काममा खेर गएको छ । यो श्रमलाई मूल्यांकन गर्ने हो भने २०६३ सालको मूल्यमा प्रतिदिन २३ करोड बराबरको उत्पादनशील श्रम खेर गएको पाइन्छ । (ख) बस्ती बनोटको वर्तमान स्थिति :

**मूल समस्या**

गाउँको बनोटः हाम्रो गाउँ वा शहर कुनै पनि व्यवस्थित तरिकाबाट बसेका छैनन् । शहरका बस्ती नियोजन र व्यवस्थापनका अभावमा बिग्रेका छन् भने गाउँका बस्तीहरू जथाभावी छाडी दिएर भताभुङ्ग भएका छन् ।

राज्यले आफैं निर्माण गरिदिन प्रशस्त पूँजी लाग्दछ तर शहर बन्नु भन्दा पहिले नै निर्बाध रूपमा भुइँ योजना तयार गरिदिने काम भने राज्यको अनिबार्य जिम्मेबारी हो । त्यो जिम्मेबारी मात्र पुरा गरिदिएको भए पनि शहरको आकार त बिग्रनेबाट बच्दथ्यो, बच्दछ । ढल, सडक, फूटपाथ, बिजुली, टेलिफोन, बाल क्रीडास्थल, बगैंचा पौडी पोखरी, बिद्यालय, पुस्तकालाय, बाचनालय, स्वास्थ्य केन्द्रहरू, ब्यायाम शाला, सभा भवन जस्ता जनसंख्या र स्थानीय आवश्यक्तासंग चाहिने सामाजिक स्थल इत्यादि देशको सरकार वा त्यहा बसेका मानिसहरू सम्पन्न भएका बखत बन्दै जाने थिए । ठाउँ भए पनि बिना पूँजी काम गर्न नजान्ने सरकारी तौरतरीका भएकोले देशले दुःख पाएको हो । यो प्राबिधिक पक्षको पनि ठूलो कमजोरी हो । यसरी नेपालका सबै शहर अस्तव्यस्त तरीकामा छन् । सबै गाउँ भद्रगोल तरिकाले बनेका छन् । नेपालमा कम्तिमा पनि ४३ लाख घरहरू छन्[३] । सन् २००२ को तथ्याङ्कले ७१ बटा नगर र नगर उन्मुख वस्ती, २८५ नगरोन्मुख गाउ र ३५२३ वटा साना गाउँ[४] देखाइएको छ । तिनै गाउँका घरहरू यथार्थमा ३२ देखि ३६ हजार गाउँहरूमा एउटा देखि १० वटा घर सम्ममा छिचरिएर रहेका छन् । १.२. यसरी नेपाल गाउँ नै गाउँले भरिएको छ । ती गाउँहरू योजनाबद्ध छैनन् । ज्यादै छितरिएर बसेका छन् । समथर भूमिमा भन्दा पहाडमा झन् छितोरिएका छन् । स-साना झुण्डहरू भएका केही गाउँहरू पनि खास गरेर मंगोलाइड समूहका बस्तीहरू र तराइबासीका बस्तीहरू पनि मेसो न मेलो सित भद्रगोल रूपमा रहेका छन् । कुनै योजना पनि छैन, तरिका पनि छैन । उच्च हिमवर्ती क्षेत्र र तराईलाई छाडेर तमाम नेपालको अधिकांश पहाडी बस्ती अति छितरीएका छन् । एउटा घर वल्लो डाँडामा छ भने अर्को घर पल्लो डाँडोमा र अर्को घर अर्कै डाँडामा छ । घना भएका ठाउमा पनि अव्यवस्थित, अस्वस्थकर र अनुपयुक्त थलोमा रहेका छन् ।

आज आएर गरिने विकास-निर्माण र विज्ञानका परिकल्पनामा उहिले नै गरेर बस्ती बसाइएका पनि होइनन् । आफ्नो इच्छा अनुसार ठाउँ रोजी बस्दा कसैले चरन हेरे भने कसैले पानीको मूल, कसैले वन दाउरा हेरे भने कसैले नदीको छेउ । त्यस्तै कसैले लेक छाने भने कसैले बेसी । तिनताक मधेश र खोँच त मलेरिया जस्तो रोगले बसिसक्नु थिएन । त्यसैले सबैजना पहाडका कुनाकाप्चामा जता मन लाग्यो त्यसै वैरिए, जसरी मन लाग्यो त्यसरी बसे । उनीहरूमा विकासको चेतना थिएन ।

**गाउँको वर्तमान अबस्थाः**

हाम्रो गाउँको जीवन ज्यादै अस्तव्यस्त छ । कुल जनसंख्याको ९० प्रतिशत मानिस गाउँमा बसेका छन् । त्यसको आधा जति जनसंख्या अति विकट र बस्नै नहुने तरिकाले बसेका छन् । उनीहरूका छोराछोरी पढ्ने विद्यालय छैनन् । पढाउनु पर्दछ भन्ने जनचेतना छैन । भएका प्राथमिक विद्यालयमा पनि शैक्षिक वातावरण छैन । यथास्थितिबाट सुधार्ने परिपक्व शिक्षक छैन । शिक्षाको न्यानो घामबाट वञ्चित भएका हाम्रा गाउँ अज्ञानको दलदलमा फँसेका छन् । यसै अज्ञानताले उनीहरू तमाम रोगका सिकार बन्न पुगेका छन् । त्यहाँ उनीहरूको रोगको निदान हुँदैन, रोगको उपचार हुँदैन । रोगबाट हैरान भएका ती अज्ञानी मानिसलाई आफ्नो जीवन, परिवारको जीवन र आफ्नो जन्मदेखि नै वाक्क लागेर आउँदछ । आफ्ना चिन्ता हटाउन हर नाँगो राखेर पनि चुरोट विँडी पिउँदछन्, पेट खाली राखेर पनि रक्सी र जाँड खान थाल्दछन् । उनीहरू अल्पायुमै मर्दछन्, छोराछोरीको पनि त्यही दशा हुन्छ । प्रत्येक मृत्युपछि कसैले चुक चुकाउनुभन्दा मरेर सुखै पायो भनेर सन्तोष व्यक्त गर्दछन् । रोग र चिन्ताले न भौतिक उन्नति गर्न सक्दछन् नत सिर्जनात्मक खुबी नै बढाउन । आध्यात्मिक चिन्तन, कला, साहित्य, मनोरञ्जन, रसरंग त त्यहाँ जन्मनै पाउँदैन । उनीहरूले अनगिन्ति बच्चा पाउँदछन् । परिवार-नियोजन असफल हुन्छ । यसले झन् दुःख थपिदिन्छ । सामाजिक असन्तुलन हुन्छ र वातावरण खलबलिन्छ ।

गाउँमा बस्नेहरूमध्ये ४९ प्रतिशत[५] मानिसहरू गरीबीका रेखामुनि पर्दछन् । तीमध्ये ४ प्रतिशत परिवारको आय वर्षमा ५०० रूपैयाँ पनि पर्दैन । अर्कातर्फ त्यति नै परिवारको आय १५० देखि २०० गुना बढीसम्म पर्दछ । गाउँमा बस्ने कुल जनसंख्याको छ प्रतिशत जति संख्या घर बिहीन र बेरोजगार छन् । ती गाउँको धर्म माया दयामा अल्प वर्षसम्म बाँचेका हुन्छन् । बेरोजगारको संख्या प्रतिवर्ष दश हजारका दरले बढ्दै गएको छ । थोरथोर भएको आफ्नो खेती र परम्परागत रूपमा गरिएको पशुपालनले सरदर ३६ प्रतिशत दिनमात्र सदुपयोग भएका छन् । प्रत्येक काम गर्न सक्ने व्यक्तिले एक वर्षमा ३२५ दिन काम गर्न सक्छ तर उसले सरदर ११८ दिन भन्दा बढी काम नै पाउन सक्दैन । त्यस्तै प्रति परिवारले गर्न सक्ने ५०० दिनमध्ये १९५ दिन मात्र सदुपयोग भएको र ३९३ दिन खेर गएको छ । खेर गएका बाँकी दिन बरालिने भएकालाई यसबारे सोचौं ।

# नेपालको क्षिमेकनीति र क्षिमेकसँगको मित्रता



सुरेशकुमार पाण्डे

वास्तवमा हामिलाई जेजस्ता छिमेकी भएपनि नभै नहुने रहेछ । विशाल दुइ देशको बिचमा परेको नेपालले सधैँ नडगमगाएर आफ्नो सन्तुलन कायम नराखि नहुने बाध्यात्मक परिस्थिति र त्यसको फाइदा उठाएर लगातार गरिएको दोहनको बारेमा केही सटिक छलफल गर्ने प्रयास गरिएको छ ।

भारतीय जनता र नेपाली जनता बिचको आत्मिय सम्वन्ध ऐतिहासिक छ ।छिमेकी मूलुकको आजादीका लागि नेपाली जनताले बगाएको रगत र दिएको बलिदान अबिष्मणीय छ । भारतको आजादीका लागि नेपालीहरूले जेल नेल अंग्रेज र स्वयम राणाहरूको समेत दमन खेप्नु परेको थियो ।

नेपालले सधैँ आफ्ना छिमेकी देशहरूसँग मित्रताको ब्यवहार गर्दै एउटा सच्चा छिमेकीको भूमिका बहन गर्दै आएको छ ।त्यो चीन होस् वा भारत,भुटान होस् वा तिब्बत सबैसँग मैत्रिपूर्ण सम्वन् छ ।खास गरेर सार्क मूलुकहरूसँग नेपालको संवन्ध हितेसी रहँदै आएको छ ।यो तटस्त परराष्ट्रनीतिकै कारण नेपाल यस्तो मित्रतालाई सन्तुलित रूपमा बहन गर्न सकेको हो भन्नेकुरा प्रष्टै छ ।

नेपालका लागि यिनी दुई देश भारत र चीन ऐतिहासिक महत्व राख्दछन् ।

भारतीय नागरिकहरू नेपालमा निर्विवाद बसेकाछन् भने नेपाली नागरिकहरू भारतमा । भारतको भूमिमा दुइ प्रकारका नेपालीहरू अवस्थित छन् । पहिलो बृटिस भारतसँग गरिएको सुगौलीमा नेपाल तथा भारत बिच सन्धि जसले नेपाली जनतालाई जमिनसँग भारतीय बनाइदिएको छ । अर्को भारतको आजादी पछि गरिएको शान्ति तथा मैत्रि सन्धि द्वारा परिश्रम तथा व्यापारका लागि आउने जाने गरेका नेपालीहरू छन् ।

यसरी नेपाल मूलका भारतीय नागरिक र प्रवाशी नेपालीहरू दुबैको भारतमा बसोबास छ । कतिपय समस्याहरू अहिले पनि दुबै प्रकारका नेपालीहरूको एकैनासे छन् । भारतमा जमिन सँग गएका नेपालीहरू अहिलेपनि हाम्रो सन्तान हुन । उनिहरूलाई त्यहाँका बासिन्दाहरूले हेर्ने दृष्टिकोणमा मौलिक रूपमै भिन्दै देखिन्छ । कतिपय अवस्थामा हामिले देखेका छौं अहिले पनि उनिहरूलाई भारतीय नागरिक सरह ब्यवहार भएको पाइदैन ।

सन् १८१५ र १६को सुगौली सन्धिलाई सन् १९५० को सन्धिले खारेज गरिसक्दा पनि त्यो भूभाग भारतले फिर्ता दिएको छैन । यस्तै प्रकारको सन् १८४२ को हडकड सन्धि खारे भयो र जस्को भूभाग थियो उसलाई त्यो प्राप्त भयो तर हाम्रो भूभाग अहिलेपनि अतिक्रमिकनै छ । जुलाई १ सन् १९९७ मा त्यो भूभाग चीनले प्राप्त गरिसक्यो । चीनले आफ्नो गुमेको भूभाग करिव १५५ वर्षमा फिर्ता पायो । नेपालले अहिलेसम्म सुगौली सन्धिबाट गुमेको भूभाग फिर्ता पाउनसकेको छैन । यसले के बताउँछ भने शक्ति राष्ट्रहरूले जसरी भएपनि कम्जोर राष्ट्रलाई दवाएका हुन्छन् ।

हामीले यसरी इमानदारी बफादारी सँग मित्रता निभाए पनि छिमेकी मुलूकले दवाब दिने व्यवहार देखाएको छ ।

अहिले फेरी देशभित्र नयाँ सरकारको गठन भएको छ । यही बेला भारतबाट नेपालको भूमि लिपुलेख हुँदै चीन जोड्ने सडकमार्गको उद्घाटन गरेका छन् । रक्षामन्त्री राजनाथ सिहँले भारतबाट चीनसम्मको सिमा जोड्न ८० की मि लामो सडकमार्गको भिडियो कान्फ्रैन्समार्फत उदघाटन गरिएको छ । यसबारे नेपाल मौन छ ।

यद्यपि यस सडकमार्गको सन् २००६ देखि निर्माण कार्य सुरू भएको थियो २०१२ सम्म निर्माण कार्य गर्ने लक्ष राखेको भएपनि ढिलो बन्यो । यो त्रिदेसिय मामिलामा नेपाललाई जानकारी नगराउनु भारतीय अहंकार प्रष्ट देखिन्छ । भारतले समय समयमा कयौं यस्तै कार्यहरूमा नेपालको वेवास्ता गर्दै आएको विगतका उधारणहरू छन् । नेपालले आफ्नो नैसर्गिक अधिकारको कुरा समेत अन्तरराष्ट्रिय गर्न सकेको छैन ।

भारतले २०७६ कार्तिक १८ मा नेपाली भूभाग कालापानी क्षेत्रलाई समेटेर आफ्नो नक्सा सार्वजनिक गरेको थियो । नेपालका जनताले त्यसको बिरूद्धमा आवाज उठाएका थिए । भारतले सुनेन । नेपाललाई हेप्दै गएको छ ।

नेपाललाई भारतले दुःख दिइरहेको छ । पटक पटक नाकाबन्दी गर्ने गरेको छ । भारतको यो कस्तो छिमेक फस्ट नीति हो ? हास्यास्पद लाग्छ ।

नेपालले जनआन्दोलन पछि सम्विधानसभाद्वारा तैयार पारेको नेपालको संविधान आफ्नो पक्षमा भएन भनेर मान्यता दिएन । २०७२ असौजको ६ गतेबाट आर्थिक नाकाबन्धी लगायो । अहिले देशमा नयाँ सरकार मात्र होइन नयाँ राजनैतिक पाटी दुइतिहाई मत लिएर उदाएको छ । यसलाई कसरी आफ्नो अधिनस्त राख्ने भन्ने उदेश्यले नै भारतले पुनःलिपुलेखबाट चीनसँग ब्यापार गर्न थालेको पनि हुनसक्छ ।

सवाल उसले काम गरेकोमा होइन सवाल हो नेपाललाई नसोधिकन किन गयो ? उसले त गयो तर नेपालको नयाँ सरकारले यसबारेमा कुनै प्रतिकृया दिएको पनि सुनिएन । यस्तै चाला हो भने देशमा छिमेकीले फेरी कुनै नयाँ बखेडा खडा गर्न समय पर्खिनु पर्नेछैन । भर्खर बनेको बालेन सरकारले यसबारे गम्भीरतापूर्वक सोच्नुपर्नेछ । सबैभन्दा प्रमुख बिषय भनेको राष्ट्र हो र त्यो अधिकार जनतासँग सम्बन्धित हुन्छ ।

राष्ट्रियताको सवालमा देशका सबै राजनैतिक पार्टी, नागरिक समाज बौद्धिक जमात पत्रकार सबैले आवाज उठाउनु पर्ने हो । तर यसबिषयमा खासै ध्यान पुराएको देखिएन । नेपालमा बहुदल, लोकतन्त्रकालमा यस्तै हुँदै आएको छ ।

भारतको आजादी पछि नेपालको हक हितको रक्षा गर्नुभन्दा पनि देशभित्रका राजनैतिक शक्ति वा राजतन्त्र स्वयमले पनि भारतले गरेको अन्याय प्रति आवाज उठाउने काम खासै भएको छैन । बरू तत्कालिन राजा विरेन्द्रले भारतीय नाकाबन्धी गरेपछि भारतसँग नझुक्ने अडान लिएका थिए । उनले ब्यापार र पारगमन सन्धि छुट्टा छुट्टै हुन् भनेर लिएको अडान सांच्चै देशभक्ति पूर्ण थियो ।

पछि आएका सरकारहरू वा प्रतिपक्षहरू दलाली गर्नमा तछाड मछाड नै भए । उहि मुद्दामा आफू विपक्षमा हुदा सत्ता पक्षलाई राष्ट्रघाती भन्नेहरू आफूले गर्दा देशको हितमा ठान्ने गर्न थाले । हाम्रो देशका दलाल नेताहरू र उनिहरूका सरकारले देशभित्र भ्रष्टाचार र विदेशको दलाली गरेर अकुत धन लुटेकाछन् । जसको केही अश जेन्जी आन्दोलन ताक खोपीमा लुकाईका रकम जले, लुकाएका सुन देखिए । यो त देशभित्रका कुरा हुन उनिहरूले थुपारेको धन विदेशमा लगानी गरेको पनि विस्तारै आउने छ । सरकारले छानबिन हुने नीति निर्णय गरिसकेको छ ।

दलाल र कायर नेताहरूले गर्दा नै सुगौली सन्धिबाट गुमेको भूभाग अर्को सन्धिले खारेज गरिसक्दासम्म फिर्ता ल्याउने लियाकत भएन र आएन । देशमा बारमबार अतिक्रमण हुँदै आएको छ । भारतको नयाँ संसद भवनमा नेपालको कपिलबस्तु र बुद्धको जन्मस्थान गाभिएको छ । टनकपुर लिम्पियाधुर लिपुलेख लगायतका कालापानीका मुद्धाहरू पेचिला छन्, जुन नयाँ सरकारले हेर्नुपर्ने छ ।

नयाँ बनेको सरकारलाई यि मुद्दाहरूको निवारण गर्ने चुनौती छ । अहिलेसम्मका तमाम असमान सन्धि सम्झौता खारेज गरेर पञ्चसिलका आधारमा देश र जनताको हितमा सन्धि सम्झौता गर्नुपर्दछ । गुमेको भूभाग फिर्ता ल्याउने प्रयासमा भुँईको टिप्दा खोल्टीबाट नखसोस् भन्नेबारेपनि सचेत हुनुपर्ने छ । विदेशी ऋणले वा अनुदानले देशको विकास हुनसक्दैन बरू विदेशीहरूको चलखेल बढ्छ । भ्रष्टाचार गरेका पैसा खिचेर देशको विकास गर्नुपर्छ । नेताहरूले लुकाएका धन फिर्ता लिएर राष्ट्रियकरण गर्ने कत्तिको हिम्मत छ, बालेन सरकारले देखाओस् । जनताको साथ छ, जनादेश पनि छ । काम गर्छु भन्नेले काम गरेर देखाउनुपर्छ । छिमेकीनीति सन्तुलन मिलाएर देशलाई अखण्ड बनाउनु पर्छ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन नगरौं, क्यान्सरलगायत नसर्ने रोगबाट बचौं**

**धूमपान भनेको के हो ?**

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो । चुरोट, बिँडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो ।
- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्व पाइन्छन् । तीमध्ये ६९ भन्दा बढी तत्वले क्यान्सर गराउँछ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर**

- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मूत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ ।
- धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ । नजिक बसेकै कारणले विश्वमा वर्षेनी १३ लाख मानिसको मृत्यु हुने गरेको छ ।

**धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय**

- साथीभाइको लहैलहैमा नपरौं ।
- दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
- धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
- सार्वजनिक स्थलमा धूमपान नगरौं !
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य कर कोषको सचिवालय**
रामशाहपथ, काठमाडौं



राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३०४५६२४४४
मंगलबार Tuesday
२०८२ चैत १७, March 31, 2026





## अन्तिम पातो – शाश्वत शर्मा

# जनसेवक कि मालिकको नोकर

गत चैत १३ गते १२.३४ बजेको साइत जुराएर शपथग्रहण गरेको बालेन साह सरकार त्यही दिनदेखि हर्कतमा आएको छ । भोलिपल्ट एकाविहानै पूर्व प्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीको गिरफतार गरिएको छ । तत्कालीन गृहमन्त्री कांग्रेसका नेता रमेश लेखकलाई पनि पक्राउ गरिएको छ । प्रहरीले छानबिन अघि बढाएको छ । अदालतले के गर्छ, कस्तो आदेश दिनेछ भन्ने मूल प्रश्न हुँदै होइन । प्रश्न त कुन सवालमा गत फागुन २१ को चुनाव लडेका थिए बालेन्द्र साह, सुदन गुरूङ र रवि लामिछानेहरूले भन्ने हो । पक्कै पनि गत चुनाव जेनजी आन्दोलनकारीहरूको दोषी उपर कारवाही गर्छौं भनेर चुनाव लडेका थिए रास्वपा उमेदवारहरूले । त्यतिमात्रै होइन, ०४६ साल यताका हत्यारा, भ्रष्टाचारीहरूलाई कारवाही उपर कारवाही गर्छौं समेत भनेका थिए । त्यही बाचालाई नेपाली जनताले मोहर लगाइदिएका थिए । लगभग दुईतिहाईमा पुऱ्याइदिए । त्यसैको फलस्वरूप, जनता सामू गरिएका आफ्ना बाचा र नागरिक करारलाई पूरा गर्न ओली, रमेश लेखहरूलाई सुरूआती गिरफ्तार गरिएको हो । अब यहाँ कहाँ छ प्रतिषोधको कुरा ? जब जनताले नै रास्वपाको बाचा र करारलाई अनुमोदन गरिदिएपछि जनताको भावना नै त्यही रहेछ भनेर किन नबुझ्ने ? अब एमाले, कांग्रेस र यिनका जनबर्गीय संगठनहरूले आन्दोलन गर्दा त्यति फलदायी नहुने अनुमान गरिदैछ । राष्ट्रघात, भ्रष्टाचार, नातावाद, कृपावादमा आ-आफ्ना नीति, सिद्धान्त देख्ने एमाले, कांग्रेस र पुरानो माओवादीहरूको दिनगन्ती सुरू भइसक्यो भनेर भन्नेहरू अहिले धेरै छन् । होला, आआफ्ना नेताहरूको कृपाबाट भातभान्सा चलाउने झोले कार्यकर्ताहरूको मुटुमा ढ्याङ्ग्रो बजेको होला । अब आम्दानी सुक्यो भनेर रिस पनि उठेको होला । तर आम जनतालाई कारवाहीको थालनीले सन्तोष दिएको छ । सत्तामा रजगज गरेर देश र जनतामाथि घात गर्ने पुराना दलका नेता कार्यकर्ताहरूले जे जस्ता आततायी संघर्ष गरे पनि सात खुन माफ हुने परिपाटी अब सकिन्छ भन्ने विश्वास जनजनमा बढेको छ ।

अब शासन, प्रशासन र विधिमा राजनीतिक अपराधीकरण निमिट्यान्न पार्ने प्रकृया सूरू हुन्छ हुन्छ । विधिको शासन सुरू हुनेछ भन्ने आशा छ । त्यसो त ओली र लेखकमात्रै किन ? भन्ने प्रश्न पनि उठेको छ । कथित १० वर्षे जनयुद्ध सकिएर माओवादी शान्ति प्रकृयामा अहायसकेपछि डा.बाबुराम भट्टराईको प्रत्यक्ष निर्देशनमा मारिएका गोरखाका कृष्णप्रसाद अधिकारीले पनि न्याय पाउने आशगर्दा हुन्छ । यी र यस्ता अन्य अन्यायमा पारिएकाहरूले पनि न्याय पाउनुपर्नेछ । न्याय गर्छु भन्ने नागरिक करार गरेर चुनाव जितेको र सत्तामा पुगेको बालेन साह नेतृत्वको सरकारमा कत्तिको निष्पक्षता देखिने हो, त्यो हेर्न बाँकी छ । यतिबेला एमाले सडकमा उत्रिसकेको छ, कांग्रेस पर्ख र हेरको अवस्थामा छ । ओली र लेखकले कानुनी लडाइ लड्ने बताइसक्दा पनि तिनका कार्यकर्ताले सडकमा टायर बाल्न थालेका छन् । कानुनी लडाइ लड्ने भनिसकेपछि सडमा टायर बाल्नु भनेको अतिवाद नै हो । अदालते यी दुबैलाई बाहिरै बसेर मुद्दा लड्ने सुविधा दियो भने पनि यी दुबै नेता बालबालिकाको हत्याराका रूपमा दागी भइसकेका छन्, फैसला कहिले र कुन तरिकाले आउला, त्यो हेर्नु पहिले नै । यसैवीच जेनजी पुस्ताले बालेन सरकारले हत्यारा विरूद्ध थालेको पक्राउ र छानबिन प्रकृयाको स्वागत गरिसकेको छ ।

एमाले, कांग्रेसीको सडकमा देखिएको फूर्तिफार्ती केही दिनको न्यानोमात्र हो । केही खातापिताले साथ दिए पनि जो पार्टीभित्रै पीडित छन्, तिनले साथ दिनेछैनन् । ओली फेरि सत्तामा पुग्ने कहिले र उनको आशीर्वाद पाउने ? कांग्रेस त घरझगडामा नै व्यस्त छ ।१८ भाइ मिलेका नेकपामा देखाउने प्रचण्डमात्र हुन्, तिनले रास्वपालाई साथ दिने बताएका छन् । तर बालेन सरकारले ०४६ सालपछिका भ्रष्टाचारका सबै फाइल खोल्न होमवर्क सुरू गरिसकेको छ । यी फाइलहरू खुल्दा र बालेन सरकारले अख्तियारदेखि प्रधानन्यायाधीशसम्मका ११७० जनाको नियुक्त गर्दा पुराना दल र तिनका नेताहरूले कुन कुन जेलनेलमा पर्नुपर्ने हो भन्न सकिदैन । चुनाव प्रचारका क्रममा बालेन साहले जनतासँग भोट मागेनन्, काम दिनोस्, हामी काम गर्छौं, रास्वपाले काम गरेर देखाउँछ भनेर जनतालाई अहाश्वस्त पारेका थिए । काम गर भनेर जनताले मतको भारी भिराइदिएका छन् । बालेन साह सशक्त युवा हुन्, उनको टिममा सबै युवा छन् । रवि लामिछानेले छ । गर्ने काम नै हो, दिने नतिजा हो । सुशासन दिंदै भ्रष्टाचारीमाथि दण्डविधानले पाता फर्काउने नै हो ।

जे हुन्छ, पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन साहको जोश र होसमा हुनेछ । जनताले कांग्रेस, एमाले र नेकपालाई पुछारमा छाडेर रास्वपालाई मूलधारको राजनीतिक राजमार्ग बनाइदिएका छन् । एउटा पनि भूलले, नागरिकसँग गरेको करार र बाचा बिर्सनु भनेको रास्वपाको ओह्रालो यात्रा सुरू हुनु हो । यो यथार्थसँग रवि लामिछाने र बालेन साह जानकारी छन् । महेस बस्नेत अथवा ओलीको नेशनल भोलेन्टियर फोर्सले सडक तताउनु र देशैभरि धुवाँ उडाउनु भनेको राजनीतिक प्रदूषण फैलाउनु मात्र हो । यसबाट केही निष्कर्ष निस्कनेवाला छैन । बहुदलको ३७ वर्षपछि र लोकतन्त्रको १७ वर्षमा देश र जनतालाई कसकसले कति लुटे, त्यो लूटको पर्दाफास गर्नु र सुशासन तथा रोजगारी बढाउने कार्यले बालेन सरकारको सफलताको मापन हुनेवाला छ । जनविश्वासमाथि घात नहोस् ।

# १५ दिनभित्र सम्पत्ति छानबिन आयोग – डा. बिनिता

पूर्वप्रधानमन्त्री केपी ओली, पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेपछि पक्राउ गर्ने क्रम पूर्व कांग्रेसी मन्त्री दीपक खड्कासम्म पुगेको छ । दीपक खड्का पक्राउ परेपछि भ्रष्टाचारीहरूको पक्राउ क्रम सुरू भएको देखिन्छ ।

यसैवीच सरकारले १५ दिनभित्र भ्रष्टाचार नियन्त्रण गर्न र भ्रष्टाचारी पहिचान गरी कारवाही थाल्न शक्तिशाली सम्पत्ति छानबिन आयोग गठन गर्ने निर्णय गरेको छ । सरकारले २०४८ सालदेखि सार्वजनिक पदमा पुगेका नेता कर्मचारी, राजनीतिक नियुक्त पाएकाहरूसमेत अवैधानिक सम्पत्तिको खोजबिन हुने बताइएको छ ।

प्रधानमन्त्री पदको शपथ खाएको र पदभार ग्रहण गर्नासाथ बालेन नेतृत्वको रास्वपा सरकार भ्रष्टाचार नियन्त्रणका लागि ठोस निर्णयहरू गर्दै अघि बढेको छ । सरकारका एक मन्त्रीले बताएका छन्- अब कुनै पनि नागरिकले नागरिकता, पासपोर्ट, लाइसेन्स लिन लाइनमा बस्नुपर्ने छैन् ।

बालेन सरकारको पहिलो मन्त्रिपरिषदको बैठकले 'सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण' मा कडा कदमहरू अघि बढाउने निर्णय गरेको थियो ।

सरकारले 'सरकारले १५ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत अधिकारसम्पन्न 'सम्पत्ति छानबिन समिति' गठन गर्ने निर्णय गरेपछि र केही भ्रष्टाचारी, हत्यारा अभियोगीहरूलाई पक्राउ थालेपछि राजनीतिक क्षेत्रमा तरङ्ग उठेको छ ।

पक्राउ पर्नेले कानुनी लडाइ गर्छु भन्दाभन्दै तिनका कार्यकर्ताले सडक आन्दोलनमा उत्रनु, आगजनी थाल्नु र पत्रकारलाई लखेट्नुले एमालेको साख अझ गिरेको छ । ४ पल्ट प्रधानमन्त्री भइसकेका ओलीका कार्यकर्ता यसरी समाजलाई दुख दिने तरिकाले सडकमा उत्रनुलाई नकारात्मक ठानिएको छ ।

सरकारले गरेको पहिलो निर्णयमा भनिएको छ-

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत अधिकारसम्पन्न 'सम्पत्ति छानबिन समिति' गठन गर्ने,

समिति कानुन, अर्थ, राजस्व तथा अनुसन्धान क्षेत्रका विज्ञसहित गठन हुने,

कागजात सङ्कलन, विश्लेषण र सिफारिस गर्ने अधिकार प्रदान गरिने,

पहिलो चरण : वि.सं. २०६२/६३ देखि हाल (२०८२/८३) सम्म सार्वजनिक पदमा रहेका राजनीतिक पदाधिकारी तथा उच्च कर्मचारीको सम्पत्ति छानबिन गरिने,

दोस्रो चरण: वि.सं. २०४८ देखि २०६१/६२ सम्मको अवधि छानबिन, छानबिन प्रमाणमा आधारित र पारदर्शी बनाइने, प्रतिवेदन कार्यान्वयनका लागि



निर्देशन दिइने, राष्ट्रिय सतर्कता केन्द्र को पुनर्संरचना योजना ३० दिनभित्र तयार गरी कार्यान्वयनमा ल्याइने,

डिजिटल सम्पत्ति लगत प्रणाली स्थापनाका लागि नेपाल राष्ट्र बैंक ले १०० दिनभित्र 'इन्टिग्रेटेड डिजिटल एसेस्ट रजिस्ट्री' स्थापना गर्ने, बैंक खाता, डिजिटल वालेट, शेयर लगानी समेटिने, रिस्क बेस्ड रेड फ्लाग प्रणाली लागू हुने,

सन्देहास्पद कारोबार स्वचालित पहिचान गरिने, अनुसन्धान हुने,

संयुक्त राष्ट्रसंघ को भ्रष्टाचारविरूद्धको सन्धिअनुसार १५ दिनभित्र दोस्रो राष्ट्रिय कार्ययोजना जारी गरिने,

आगामी ३० दिनभित्र राष्ट्रिय सदाचार नीति जारी गरिने,

यी निर्णयले भ्रष्टाचार नियन्त्रणलाई प्रणालीगत बनाउने दीर्घकालीन सुधारको हिस्सा भएको जनाएको छ ।

अब बालेन सरकारले प्रशासनको आधुनिकरण, ट्रेड युनियनको खारेजी गर्नेतिर छलफल थालेको छ । ट्रेड युनियनका नाममा भ्रष्टाचारमा रमाउनेहरू रिसाएका छन् । तर पूर्ण बहुमतको सरकार भएकाले जनादेशअनुसार, करार र बाचाअनुसार काम गर्नुपर्ने दायित्व पनि छ । यो सरकारले जस्तोसुकै चुनौतीको सामना गर्नसक्ने देखिन्छ । प्रशासनलाई जनसेवी, तटस्थता, दक्षता र योग्यतामा सञ्चालन गर्ने नैतिक जिम्मेवारी छ । जिम्मेवारी पूरा गर्न बालेन सरकार दह्रोखुट्टा टेकेर उभिएको देखिन्छ ।

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।**

- मौसम तथा जलवायुसम्बन्धी सूचना मौसम पूवानुमानको जानकारी लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानरकारी नियमित रूपमा लिऔं,
- प्राकृतिक विपत जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामुहिक प्रयास गरौं,
- वन संरक्षण र बृक्षारोपणमा सकृय जनसहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

